
जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक १७३ • २०८२ साल मंसिर ६ गते शनिबार (22 November, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## स्वकीय सचिवहरुको तलब रोक्का

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी आन्दोलनपछि खर्चमा कटौती गर्दै मितव्ययिता अपनाउन संघीय सरकारले गरेको निर्णय कार्यान्वयन गरेसँगै मधेश प्रदेश सभाले प्रदेश सांसदहरुको स्वकीय सचिवको तलब सुविधा रोकेको छ।

प्रदेश सांसदको स्वकीय सचिवको तलब रोक्का गरेपछि राज्यको करिब ८७ लाख रुपैयाँभन्दा बढी रकम जोगिएको छ।

सभामुख र उपसभामुखबाहेक संसदीय दलका नेता, प्रमुख सचेतक, विषयगत समितिका सभापतिलाई एकजना शाखा अधिकृत सरहको स्वकीय सचिव, एकजना कम्प्युटर अपरेटर, एकजना कार्यालय सहयोगी, एकजना सवारीचालक र प्रदेश सांसदहरूलाई एक जना शाखा अधिकृत सरहको स्वकीय सचिवलगायत १ सय ४ जनालाई तलब सुविधा दिँदै आएको थियो। जसमा मासिक करिब ६० लाख रुपैयाँसम्म भुक्तानी हँदै आएको प्रदेश सभा सचिवालयले जनाएको छ।

तलब सुविधा असोजदेखि रोकिए पनि सवारी चालकको भुक्तानीबारे निर्णय गर्न छलफल भइरहेको प्रदेश सभाका लेखा अधिकृत पुरूषोत्तम मिश्रले जनाए। १ सय ७ जना मध्ये तीनजना प्रदेश सांसद निलम्बित छन्।

# मधेशमा एमाले एकपछि अर्को पद गुमाउँदै

## प्रदेश प्रमुखको बर्खास्ती, सभामुख पदमुक्तपछि मुख्यमन्त्री पनि जोखिममा

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनपछि संघीय सरकारबाट सत्ताच्यूत भएको नेकपा एमालेले मधेश प्रदेश सरकारको कमाण्ड पनि गुमाउने कगारमा पुगेको छ।

मधेश प्रदेशमा एमालेसंग प्रदेश सरकारको मुख्य पदहरु नै थियो । एमालेकै सिफारिसमा प्रदेश प्रमुखमा सुमित्रा सुवेदी भण्डारी थिइन् । त्यस्तै मधेश प्रदेशसभाको सभामुखमा रामचन्द्र मण्डल एमालेबाट नै बनेका थिए। यी दुबै पद एमालेले एउटै कारणले गुमाएको छ। एमालेबाट मुख्यमन्त्री बनेका सरोज कुमार यादवको पद पनि अदालतमा विचाराधीन अवस्थामा छ।

मधेश प्रदेशमा प्रदेश सरकारको मुख्य पद गुमाउँदै गर्दा एमालेको शीर्ष नेतृत्वमा समीक्षासहित छलफल भएको छ।

अहिले मधेश प्रदेश सरकारको नेतृत्व एमालेका सरोजकुमार यादवले गरेका छन्। शुरुमा प्रदेश प्रमुख भण्डारीले पद गुमाए । त्यसपछि सभामुख रामचन्द्र मण्डलले आफ्नै पार्टीकालाई मुख्यमन्त्री बनाउनका लागि असंवैधानिक कदम चालेको आरोप लगाउँदै सात दलीय गठबन्धनका दलसहित ७६ जना प्रदेश सांसदले दुई तिहाइ मतको आधारमा पदमुक्त गरेको छ।

सात दलीय गठबन्धनले मुख्यमन्त्री पदमा असंवैधानिक ढंगले नियुक्ति गरेको भन्दै सर्वोच्च अदालतमा मुद्दा दिएको छ। सो मुद्दामा सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई नीतिगत तथा दीर्घकालीन निर्णय नगर्न अन्तरिम आदेश जारी



गरेको छ। मंसिर ९ गते सर्वोच्च अदालतले सो मुद्दाको छिनोफानो गर्ने सम्भावना छ।

सात दलीय गठबन्धन तर्फका कानुन व्यवसायीहरुले मुख्यमन्त्री यादवको पद जाने निश्चित रहेको विश्वास दिलाएको जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले दाबी गरेका छन्।

प्रदेशमा एकपछि अर्को पद गुम्न थालेपछि एमाले नेताहरु मधेश प्रदेशबारे एमाले सचिवालय बैठकमा पनि छलफल गरेका थिए।

मधेश प्रदेशमा सबैभन्दा ठूलो दलको रुपमा उदाएको एमालेलाई पटकपटक भएको मधेश आन्दोलनमा भएको क्षति भन्दा अहिले भने व्यापक क्षति भएको विषयमा सचिवालय बैठकमा गम्भीर रुपमा समीक्षा गर्दै एक नेताले सुनाए।

मधेशमा पार्टीको क्षति नियन्त्रण गर्न तत्काल मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामा दिन लगाउनुपर्ने विषय पनि एमाले सचिवालयमा बैठकमा उठेको स्रोतको दाबी छ। उनका अनुसार मधेशमा सबभन्दा ठूलो पार्टी रहेको एमालेले चुनावकै मुखमा यति ठूलो क्षति व्यहोर्नु भनेको सानोतिनो कुरा होइन । पार्टीमाथि प्रहार एउटा कुरा हो, तर समयमा बुद्धि नपुऱ्याएर चालिएको कदमले पार्टीलाई क्षति भएको छ।

एमालेका सचिव योगेश भट्टराईले मधेशमा किन र कसका कारणले पार्टीलाई धक्का लाग्यो भन्दै सामाजिक सञ्जालमार्फत् प्रश्न गरेका छन्। उनले लेखेका छन्, 'आज मधेश प्रदेशको संसदीय फाँटमा नेकपा एमालेलाई ठूलो धक्का लागेको छ। पार्टीको सार्वजनिक छविमाथि गम्भीर प्रश्न उठेको छ। प्रदेश प्रमुखको बर्खास्ती भएको छ। सभामुख पदमुक्त हुनुभएको छ। मुख्यमन्त्री पद अदालतको कठघरामा छ। राजनीतिक रूपमा हामी एक्लिएका छौँ। पार्टीभित्र अन्तरविरोध तीव्र बनेको छ।'

पूर्वमन्त्रीसमेत रहेका भट्टराईले मधेशमा भएको घटनाक्रमबारे गम्भीर समीक्षा हुनुपर्ने बताए। 'मधेशमा स्वयं पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्नुभएको मेहनतमाथि किन, कसले र केका लागि खेलवाड गरियो ? यी तमाम विषयमा गम्भीर समीक्षा हुनुपर्छ,' भट्टराईले भनेका छन्।

पार्टीको जनाधार विस्तार गर्न, आन्तरिक एकतालाई सुदृढ़ गर्न, पार्टीको सामाजिक छविलाई सुधार गर्न मधेशमा नयाँ जिम्मेवारीका साथ जानुपर्ने आग्रह पनि उनले गरे। उनले मधेशमा नेतृत्व गर्ने नेताहरुबाट त्रुटि भएको कुरा स्वीकार्दै नयाँ जिम्मेवारीका साथ जानुपर्नेमा जोड दिए।

मधेश प्रदेशमा दुई शीर्ष नेताका कारण पदहरु गुमाउँदै जानु परेको निष्कर्ष पार्टी सचिवालयसम्म रिपोर्टिंग भएको स्रोतको दाबी छ।

नेता लीलानाथ श्रेष्ठ र रघुवीर महासेठबीच वर्चस्वको लडाइका कारण मधेशमा पार्टीको अस्तित्व माथि नै गम्भीर प्रश्न खडा भएको छ। एमाले निकट एक स्रोतले भने, मधेश प्रदेश दुई जनाको राजनीतिक द्वन्द्वका कारण पार्टी सखाप हुने अवस्था आइपुगेको छ। लीलानाथ श्रेष्ठ र रघुवीर महासेठबीच मधेशमा वर्चस्वको लडाइका कारण पार्टी संकटपूर्ण अवस्थामा पुगेको बताइन्छ।

मधेश प्रदेशको राजनीतिक घटनाक्रम एमालेविरुद्ध देखिए पनि महासेठ मधेश प्रदेशमा भइरहेको घटनाबारेमा अहिलेसम्म मौन बसेका छन्।

# जेन- जीसंग तीन बुँदे सहमतिसंगै एसपी सरुवा

**टुडे समाचारदाता**

बारा । बाराको जितपुर सिमरामा नेकपा एमाले- जेन- जी समूहबीच भएको झडपपछि उत्पन्न परिस्थितिको समाधानका लागि गरिएको वार्ता सम्पन्न भएको छ । बाराको पथलैयामा शुक्रबार प्रशासन र जेन- जीबीच भएको वार्तामा तीन बुँदे सहमति भएको बाराका प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले जानकारी दिए।

वार्तापछि बाराका प्रमुख जिल्ला अधिकारी मिश्रले जेन- जीहरूको सुरक्षाको व्यवस्था, घाइतेहरूको उपचारमा समन्वय तथा घटनाको निष्पक्ष छानबिन र आवश्यक कारबाही सम्बन्धी तीन बुँदे सहमति भएको बताए।

वार्तामा सहभागी जेन- जी समूहका अगुवाहरूले आफूहरूलाई निरन्तर धम्की आइरहेको उल्लेख गर्दै सुरक्षाको ग्यारेन्टी गर्न आग्रह गरे । घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने माग राखेको थियो।



जेन- जी समूहले अहिलेसम्म पक्राउ नपरेका आरोपीहरूलाई कुन दिनसम्म पक्राउ गर्ने हो भन्ने म्याद तोक्नुपर्नेमा जोड दिए पनि प्रजिअ मिश्रले सार्वजनिक रूपमा देखिँदै हिँडिरहेका आरोपीलाई पक्राउ गर्न निर्देशन भइसकेको प्रस्ट्याए।

यता वार्ता सम्पन्न भएलगत्तै बाराका एसपी सन्तोष तामाङलाई फिर्ता बोलाइएको छ।

जिल्ला प्रहरी कार्यालय बारामा एसपी नरेन्द्र कुँवरलाई काजसरुवा गर्ने निर्णय गरिएको जनाइएको छ।

बाराको एसपी परिवर्तन गर्ने निर्णय भएको प्रहरी प्रवक्ता (डीआईजी) अबिनारायण काफ्लेले पुष्टि गरे । नरेन्द्र कुँवर मानव बेचबिखन अनुसन्धान ब्यूरोमा कार्यरत थिए।

बाराको सिमरामा नेकपा (एमाले) का कार्यकर्ता र जेन- जी प्रदर्शनकारी बीचमा बुधवार झडप भएको थियो । झडप भएसंगै स्थानीय प्रशासनले कर्फ्यु लगाएको थियो । प्रदर्शन नियन्त्रणमा लिन बिहीबार प्रहरीले गोली चलाएको थियो।

जेन- जी प्रदर्शनकारीले आफ्ना समर्थकलाई कुटपिट गरेको आरोपमा ९ जना विरुद्ध किटानी जाहेरी दिएका छन् । प्रहरीले जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर-२ का अध्यक्ष धन बहादुर श्रेष्ठ र वडा नम्बर-६ का अध्यक्ष कैमुद्धिन अन्सारीलाई पक्राउ गरेको छ।






# 'मधेशलाई पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्नुपर्ने'

**टुडे समाचारदाता**

जनकपुरधाम।जनतासमाजवादी पार्टी,नेपालका प्रमुख सचेतक रामअशिष यादवले मधेश प्रदेशको ऐतिहासिक,सांस्कृतिक,धार्मिक तथा पर्यटकीय विशिष्ट महत्व रहेका देवभूमि बाबा कारिक स्थान परौलको स्थलगत निरीक्षण गरेका छन्।



महोत्तरी जिल्ला बलबा नगरपालिका परौल गाउँ स्थित प्रसिद्ध देवभूमि बाबा कारिक स्थान निरिक्षण पश्चात सम्वोधन गर्दै सांसद यादवले कारीक स्थानको प्रसिद्धि कायम राख्दै पर्या पर्यटनको रुपमा विकास गर्न राज्य नीतिगतरुपमा अघि बढाउनुपर्ने बताएका छन्।उनले मधेश प्रदेशलाई पर्यटनको दृष्टिकोणमा अगाडी बढाउनका लागि मधेश प्रदेशका एतिहासीक तथा पौराणीक स्थलहरुलाई पर्यटनकोरुपमा विस्तार गर्नुपर्ने बताए।

सो अवसरमा स्थानीय वार्डका अध्यक्ष कारी यादव, युवा नेता अशोक यादव सहितले देवभूमि बाबा कारिक स्थानको धार्मिक पर्यटकीय स्थलको गरिमा, सांस्कृतिक महत्व तथा विकास सम्बन्धमा जानकारी गराएका थिए।

# मेयर साह पाहुर लिइ अयोध्या प्रस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम। मैथिल सांस्कृतिक परम्परा अनुसार भगवान सीताराम विवाहको तिलक चढाउन एकसय एक पाहुर सहितका एक टोली अयोध्या प्रस्थान गरेका छन्।



माता सीता र मर्यादा पुरुषोत्तम राम बीचको विवाहको स्मरणमा प्रत्येक वर्ष मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा विवाह पञ्चमी महोत्सव मनाईदै आएको छ। माता सीताको अभिभावकको रुपमा जानकी मन्दिरद्वारा विवाह पञ्चमी महोत्सव सप्ताहव्यापी रुपमा मनाइदै आएको छ।

जनकपुरधामउप-महानगरपालिकाका मेयर मनोजकुमार साह र विश्व हिन्दू परिषद नेपालको अगुवाइमा जानकी मन्दिरबाट तिलक चढाउने टोली पाहुर सहित अयोध्याका लागि शुक्रवार प्रस्थान गरेका छन्। शनिबार अयोध्याको कार सेवकपुरममा सो पाहुर हस्तान्तरण तिलकोत्सवका लागि हस्तान्तरण गरिनेछ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामराशेन दासले उपमहानगरपालिकाका मेयर मनोजकुमार साहलाई अंगवस्त्र र निमन्त्रणा पत्र दिई बिदाई गरेका थिए।

त्रेतायुगमा रामले पिनाक धनुष तोडेपछि मिथिला परम्परा अनुसार वरपक्षका घरमा तिलक पठाउने प्रचलन रहेको छ। सोही परम्पराअनुसार गत वर्ष विश्व हिन्दू परिषद्का महामन्त्री राजेन्द्रसिंह पंकजको पहलमा तिलक विधिको थालनी गरिएको थियो। यस वर्ष पनि सोही परम्पराको निरन्तरता दिइएको छ।

१५ सदस्यीय टोलीमा जनकपुरधामका मेयरसहित विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय उपाध्यक्ष रघुनाथ साह, केन्द्रीय सदस्य मनोहर साह, जनकपुरधामका सम्भाग प्रमुख अरविन्दकुमार, वीरेन्द्रकुमार साह, जनकपुर विभाग कार्यवाहक विमलकुमार साह, महोत्तरी जिल्ला कार्यवाहक चन्दन दूवे, जनकपुर सम्भाग प्रचारक लक्ष्मण यादव लगायतका व्यक्तिहरू सहभागी छन्।

# एक हजार किलो गाँजा बरामद



**टुडे समाचारदाता**

राजविराज। सप्तरी प्रहरीले झन्डै १ हजार किलो लागूऔषध गाँजा नियन्त्रणमा लिएको छ। जिल्लाको कंचनरूप नगरपालिका २ बरमझियाबाट बिहीबार राति ११ बजेतिर प्रहरीले गाँजा नियन्त्रणमा लिएको जिल्ला प्रहरीले जनाएको छ।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत पश्चिमबाट पूर्व तर्फ जादै गरेको ना.५ ख ५३५ नम्बरको ट्रकबाट ९७८ किलो गाँजा नियन्त्रणमा लिइएको छ।

गाँजासहित ट्रक चालक सुनसरीको धरान उप महानगरपालिका १३ का २५ बर्षका सन्देश श्रेष्ठलाई समेत नियन्त्रणमा लिइएको छ। यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# लिटमस केवल्स बन्यो सुदूरपश्चिम रोयल्सको 'कनेक्टिभिटी' पार्टनर

**टुडे समाचारदाता**

काठमाण्डु। दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) का लागि नेपालको अग्रणी तार तथा केबल उत्पादक लिटमस केवल्स सुदूरपश्चिम रोयल्सको 'कनेक्टिभिटी' पार्टनरको रूपमा जोडिएको छ।




मंगलबार काठमाडौँमा लिटमस इन्डस्ट्रिज लिमिटेडका एसोसियट उपाध्यक्ष सन्जिव झा र सुदूरपश्चिम रोयल्सका प्रमुखकार्यकारी अधिकृत (सीईओ) प्रकाश खड्का ले हस्ताक्षर गरे।

सम्झौतापछि बोल्दै सुदूरपश्चिमका सीईओ खड्काले देशको अग्रणी ब्रान्ड लिटमससँग जोडिन पाउँदा खुशी व्यक्त गरे। उनले भने, 'यसले सुदूरपश्चिमको टिमसँग राम्रो सम्बन्ध जोड्ने माध्यम बन्नेछ।'

यसैगरी, लिटमस इन्डस्ट्रिजका एसोसियट उपाध्यक्ष सन्जिव झाले सुदूरपश्चिमसँगको सहकार्यले नेपालका प्रतिभाहरूलाई पहिचान गर्न र आगामी पुस्ताका खेलाडीहरूलाई सशक्त बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले थपे, 'हामी हाम्रा उत्पादनलाई मात्र होइन, राष्ट्रिय गौरवलाई बढावा दिने कुरामा पनि समर्थन गर्छौं। त्यसै अनुरूप यो सम्झौता पनि हो।'

सन् १९७७ मा स्थापित लिटमस इन्डस्ट्रिज लिमिटेड नेपालको सबैभन्दा ठूलो र विश्वसनीय तार, केबल तथा कन्डक्टर ब्रान्ड हो। चार दशकभन्दा बढी समयदेखि यसले नेपालको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

सन् २०१४ देखि रमेश कर्पको नेतृत्वमा सञ्चालित यो कम्पनीआफ्नो क्षेत्रमा नेपालको पहिलो र एक मात्र सार्वजनिक सूचीकृत कम्पनी पनि हो।

# प्रभु म्यानेजमेण्ट प्रा.लि.का सहायक लेखा प्रमुख महाजु पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु। प्रहरीले प्रभु म्यानेजमेण्ट प्रालिका साहायक लेखा प्रमुख हेम कुमार महाजुलाई ठगी,आपराधिक विश्वासघात तथा आपराधिक लाभ कसुरमा पक्राउ गरेको छ।

महाजुले प्रभु म्यानेजमेन्ट प्रा.लि.को नाममा सञ्चालन भएको सिटिजन्स बैंक लि.को खातामार्फत रेमिट कारोबारको आवरणमा अवैध रूपमा नेपालमा विप्रेषण बापत प्राप्त हुने रकम हुण्डी मार्फत प्राप्त गरी हिसाब मिलान गरेको गरेर आपराधिक लाभ कसुर गरेको आरोप लागेको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कसूर मुद्दामा अनुसन्धानको क्रममा संकलित प्रमाणहरुको आधारमा प्रभु म्यानेजमेन्ट प्रा.लि.को नाममा रहेको सिटिजन बैंकको खातामा विभिन्न व्यक्तिहरूको नामबाट शंकास्पद रूपमा पटक पटक लाखौ रुपैया जम्मा भएको जम्मा भएका रकम रेमिट कारोवार गर्दा आउटवार्ड रेमिट मात्र गर्नुपर्नेमा शंकास्पद रकम जम्मा भएको र सोको आवरण हुण्डी माफर्त प्राप्त गरी हिसाव मिलान गरेको देखिएको थियो।

# मधेशमा बढी बालबालिका कुपोषित : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले खाद्यान्न उत्पादन तथा खाद्य सुरक्षाको दृष्टिकोणले मधेश प्रदेश सुरक्षित भएपनि यसै ठाउँमा ५ वर्ष मुनिका बालबालिका बढी कुपोषित रहेको बताएका छन्।



मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयको आयोजनामा शुक्रवार जनकपुरधाममा आयोजित वार्षिक समीक्षा कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रमा सुधारका लागि भौतिक पूर्वाधारको निर्माणले मात्र हुन नसक्ने बताउँदै निर्माणमा भएका साना योजनाहरूको बजेट कटौती गरेर भएपनि स्वास्थ्यको सूचकमा सुधार गर्न ध्यान दिन जरुरी रहेको बताए।

मधेश प्रदेशका स्वास्थ्य सचिव डा. ओम प्रसाद अर्यालले मधेश प्रदेशको समग्र स्वास्थ्य क्षेत्रमा गरिनुपर्ने सुधारका लागि रणनीति बनाउन यस्ता कार्यक्रम महत्वपूर्ण रहेको भने।

यस्तै प्रदेशका स्वास्थ्य निर्देशक डा. सरोजचन्द्र न्यौपानेले शीतलहरबाट आम नागरिकलाई जोगाउने विषयमा सजगता अपनाउन जरुरी रहेको बताए।

संयुक्त राष्ट्र संघीय जनसङ्ख्या कोषका मधेश प्रदेशका प्रमुख डा. नरेन्द्र कुमार मिश्रले मधेश प्रदेश खाद्यान्नको दृष्टिकोणले समुन्नत प्रदेश भए पनि यसै ठाउँमा धेरै बालबालिकाहरू कुपोषित हुनु तथा गर्भवती महिलामा रक्त अल्पता बढी हुनु चिन्ताको विषय भएको कुरामा जोड दिए।

तीन दिनसम्म चल्ने सो वार्षिक समीक्षामा मधेश प्रदेशमा रहेका मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतका प्रादेशिक अस्पताल, शिक्षण कलेजहरू, स्वास्थ्य कार्यालयहरू, आयुर्वेदका जिल्ला स्थित कार्यालयहरू तथा नीजि क्षेत्रका स्वास्थ्य संस्थाहरूका प्रमुख एवं प्रतिनिधिहरुको सहभागितामा मधेश प्रदेशको स्वास्थ्य क्षेत्रको समग्र सुधारका विषयमा छलफल हुने बताइएको छ।

# बसको ठक्करबाट बालकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट। रौतहटको गरुडा नगरपालिका १ जयनगरमा स्कूल बसको ठक्करबाट एक दुई वर्षीय बालकको मृत्यु भएको छ।



शुक्रवार बिहान जयनगरबाट मानपुरतर्फ जाँदै गरेको ओम एकेडेमी विद्यालयको प्रदेश-३-००१ ख १७२६ नम्बरको स्कुल बसको ठक्करबाट बालक आदित्य कुमार साहको मृत्यु भएको जिल्ला प्रहरी रौतहटले जनाएको छ।

स्थानीय रंजन साहका छोरा आदित्यलाई बसले ठक्कर दिंदा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णुप्रदिप बस्यालले जानकारी दिएका छन्।

बालकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ। यसैबीच दुर्घटना पश्चात इलाका प्रहरी कार्यालय गरुडाले बसलाई नियन्त्रणमा लिएको छ भने बस चालक फरार छन भने तिनको खोजी कार्य जारी रहेको डिएसपी बस्यालले जनाएको छ।

# लाइसेन्स विवरणको जानकारी अब फेसबुकबाटै

काठमाण्डु। यातायात व्यवस्था विभागले छपाइ गरी वितरणका लागि तयार भएका सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को विवरण अब फेसबुकमा राख्ने भएको छ।



विभागले बिहीबार एक सूचना जारी गरी सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने जानकारी गराएको छ।

विभागले जारी गरेको सूचनामा भनिएको छ, "सवारी चालक अनुमतिपत्र छपाइका लागि अनलाइन फारम भरी 'एप्रुभ' भएपश्चात ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भन्ने जानकारी यसअघि प्रणाली ध्वस्त हुनुअघि आउने गरेको थियो। अब सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने छ।"

यसअघि यस्ता लाइसेन्सको जानकारी प्रणालीमार्फत ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भनेर सन्देश पठाउने गरिएको थियो। तर जेनजी आन्दोलनमा उक्त प्रणाली ध्वस्त भएको थियो। फेसबुक पेजमा विवरणसहितको नाम समावेश भएको अवस्थामा आवेदनहरू सक्कल राजस्व रसिद र पुरानो सवारी चालक अनुमतिपत्र लिई विभागमा उपस्थित हुन पनि विभागले अनुरोध गरेको छ।रासस

# कांग्रेसले शान्तिको भावनालाई आचारसंहिता बनाउनुपर्नेमा जोड

काठमाण्डु। नेपाली कांग्रेसले शान्तिको भावनालाई आचारसंहिता बनाउनुपर्नेमा जोड दिइएको छ। नेपाली लेखक सङ्घले शुक्रबार कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई ११ बुँदे ज्ञापनपत्र बुझाउँदै कांग्रेसलाई परिश्रमी, मितव्ययीता, आत्मानुशासन, इमान्दारिता कार्यान्वयन गर्ने पार्टीका रूपमा विकास गर्नुपर्ने माग गरिएको हो।

सङ्घमा आबद्ध साहित्यकार तथा लेखकका तर्फबाट बुझाइएको ज्ञापनपत्रमा कांग्रेसले लिनुपर्ने नीति र नेता कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिताको प्रस्ताव गरिएको हो। साथै संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधान परिमार्जनसहित लागू गरेर यसको आयु बढाउन पनि सुझाव दिइएको सङ्घका सचिव नारायण सापकोटाले राससलाई जानकारी दिनुभयो। सङ्घले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सदृढ गरेर लैजान पनि सुझाव दिएको उहाँले बताउनुभयो।

सङ्घले अध्ययन र अनुसन्धानलाई अनिवार्य शर्तका रूपमा अघि बढाउँदै बौद्धिक क्षेत्रलाई राजनीतिक प्रभावबाट बाहिर राख्न सुझाव दिएको छ। "अध्ययन, अनुसन्धान, नवप्रवर्तन र वैज्ञानिक खोजमा ध्यान दिएर अगाडि बढ्नुपर्ने, देशमा पर्याप्त सङ्ख्यामा बौद्धिक, अनुसन्धानकर्ता, वैज्ञानिक तथा कृषि वैज्ञानिक निर्माण गर्नुपर्ने जरुरी छ", सुझावमा भनिएको छ, "प्राज्ञिक, बौद्धिक, न्यायिक र प्रशासनिक क्षेत्र राजनीतिक हस्तक्षेपबाट मुक्त हुनुपर्छ।"रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** साझेदारीबाट पनि लाभ मिल्नेछ। पारिवारिक आवश्यकता पुर्ति होला।

**वृष :** चिताएको काममा जुट्न नसकिएला। बाध्याताले अप्ठयारो पार्न सक्छ।

**मिथुन :** शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ।

**कर्कट :** कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ।

**सिंह :** दिन निकै रमाइलो र उत्साहवर्धक रहनेछ।

**कन्या :** अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि पारिनेछ।

**तुला :** बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्ने सम्भावना छ।

**वृश्चिक :** घरखर्च बढ्नुका साथै आर्थ अभावले सताउनेछ।

**धनु :** हाल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ।

**मकर :** नयाँ कामले नाम र दाम दिलाउनेछ। कार्यक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ।

**कुम्भ:** आज खर्च गरेका, लगानी गरेका कामको भविष्य राम्रो छैन।

**मीन :** गर्न खोजेका काममा विघ्नबाधा धेरै देखा पर्नेछन्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३० बजे

दिउँसो :- ११:४६ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव स्वस्थ्य निर्देशनालय मधेस प्रदेशको शुक्रबार जनकपुरधाममा आयोजित आर्थिक वर्ष २०८१/८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको प्रदेशस्तरीय वार्षिक समीक्षा गोष्ठीको उद्घाटन गर्नुहुँदै । *तस्विर : रासस*

# जनकपुरधामसंग खेलवाड गर्नेमाथि कारवाही गर्न लुज फोरम गठन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष जितेन्द्र महासेठले जनकपुरधाममा आइपरेका संकटलाई समाधानका हेतु लुज फोरम बनाउनका लागि आह्वान गरेका छन् ।



जनकपुरधामको पुलचौक स्थित मिथिला विहारी मन्दिरको प्रांगनमा आयोजना गरिएका कार्यक्रममा महासेठले जनकपुरधामका सबै दलको सहभागीतामा लुज फोरमको रुपमा जनकपुरधाम सरोकार मंच गठन गर्नका लागि आह्वान गरेका हुन् ।

जनकपुरधाममा बेथिती बढ्दो रहेको तर कसैले यसप्रति चासो नलिएको अवस्थामा मंचले पहलकदमी लिने गरी संगठन वनाउनुपर्ने आवश्यकता रहेको बताउदै उपमहानगरपालिकाको सबै वाडमा गठन गरि जिम्मेदवारी रुपमा अगाडी बढे जनकपुरधामको अवस्था फेर्न सकिने बताए ।

उनले भने,'जनकपुरधामको मास्टर प्लान एनजीओले बनाउने गरेको छ,यस्तो परिपाटी अब अन्त्य गरिनुपर्ने समय आएको छ,अब जनकपुरधामको मास्टर प्लान जनकपुरधामबासीले नै बनाउनका लागि पहल गरौ,तबमात्र परिवर्तन सम्भव छ ।' निर्वतमान अध्यक्ष महासेठले जनकपुरधाममा शिक्षा र स्वास्थ्य संस्थाको अवस्था दयनीय रहेको र यसप्रति जागरुक बन्नुपर्ने अवस्था रहेको बताउदै दिनप्रतिदिन फोहर बढ्दै गएको अवस्थामा जनकपुरधामबासी पनि इमान्दार बन्नुपर्ने औल्याएका थिए । जनकपुरधामसंग खेलबाड गर्ने जो कोहि लाई पनि कारबाही गर्न सक्ने फोरम बनाउनका लागि एकजुट हुन सबैलाई आग्रह गरेका थिए ।

जनकपुरधामको पुलचौक वडा नं १ बाट अभियान सुरु गरेका महासेठले उपमहानगरको सबै वडामा अभियान संचालन गर्ने बताए । कार्यक्रममा मिथिला विहारी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष किसन साह लगायत पुलचौकका स्थानियवासी र नागरिक समाजहरुको उपस्थिती रहेको थियो ।

## एकताबद्ध हुन कांग्रेस सहमहामन्त्री यादवको अपिल



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले सामाजिक सञ्जालमार्फत पार्टीभित्र एकता र सामूहिक जिम्मेवारीका लागि व्यापक आह्वान गरेका छन् । उनले पार्टी अहिले "इतिहासकै संकटपूर्ण अवस्थामा" रहेको उल्लेख गर्दै सबै नेतागण तथा कार्यकर्तालाई एक ढिक्का भएर उभिन आग्रह गरेका छन् ।

यादवले आफ्नो पोस्टमा आगामी निर्वाचनलाई चुनौतीपूर्ण भन्दै कांग्रेसका सबै तह-स्तरका साथीहरूलाई एकताबद्ध भएर सामना गर्न अनुरोध गरेका छन् । "कांग्रेसलाई बलियो रूपमा उभ्याउने दायित्व सबै कांग्रेसीको साझा जिम्मेवारी हो," उनले लेखेका छन् ।

उनका अनुसार पार्टीभित्रका हरेक नेता र कार्यकर्ता हाम्रा साझा सम्पत्ति भएकाले एकले अर्कालाई सम्मानपूर्वक व्यवहार गर्न, बोलाइ, लेखाइ र व्यवहारमा संयम अपनाउन आवश्यक छ । यादवले पार्टीभित्र अनावश्यक विवाद र ध्रुवीकरण बढ्ने गतिविधिबाट टाढा रहन आग्रह गर्दै आन्तरिक मर्यादा, अनुशासन र पारस्परिक सम्मान कायम राखेर पार्टीलाई मजबुत बनाउन योगदान दिन सबैलाई अपिल गरेका छन् ।

## अति आवश्यक बाहेक कुनै काम गर्न नदिन सात दलको ध्यानाकर्षण


**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आन्दोलनरत सात दलले वर्तमान मुख्यमन्त्री सरोज कुमार यादवले अदालतको निर्णय आउँदासम्म तलव-भत्ता र अति आवश्यक सेवाबाहेक अन्य सबै काम रोक्न माग गरेका छन् ।

शुक्रबार सात दलका प्रतिनिधिहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्यसचिवलाई ध्यानाकर्षणपत्र बुझाउँदै सर्वोच्च अदालतमा चलिरहेको मुद्दा टुंगिनुअघि प्रदेश सरकारले कुनै पनि गैर-आवश्यक निर्णय, नियोजन वा कार्यान्वयन नगर्न आग्रह गरेका हुन् ।

ध्यानाकर्षणपत्रमा उल्लेख अनुसार मधेश प्रदेश सरकार गठन प्रक्रिया असंवैधानिक भएको दाबी गर्दै मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । त्यसैले अदालतले अन्तिम फैसला नदिउन्जेल प्रदेश सरकारले सामान्य प्रशासनिक कामबाहेक नयाँ योजना, नियुक्ति, बजेट खर्च, नीति निर्णयजस्ता गतिविधि रोक्नुपर्ने सात दलको माग छ ।

सात दलका अनुसार, टुंगो नलागेको विवादित सरकारबाट जारी हुने निर्णयले प्रदेशको शासन-प्रशासन, आर्थिक पारदर्शिता र कानुनी वैधतामा असर पर्न सक्ने भएकाले ध्यानाकर्षण गराइएको हो ।



मिति :-२०८२/०८/०४

श्री प्रमुख सचिव ज्यू
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
मधेश प्रदेश सरकार, जनकपुरधाम ।

विषय :- ध्यानाकर्षण सम्बन्धमा ।

[illegible]

तपसिल :

मा. कृष्ण प्रसाद यादव, दलको नेता, नेपाली कांग्रेस
मा. सरोज कुमार यादव, दलको नेता, जसपा नेपाल
मा. महेश प्रसाद यादव, दलको नेता, जनमत पार्टी
मा. भरत प्रसाद साह, दलको नेता, नेकपा माओवादी केन्द्र
मा. जगनुल हुसैन, दलको नेता, लोसपा नेपाल
मा. गोविन्द बहादुर न्यौपाने, दलको नेता, नेकपा (एकीकृत समाजवादी)
मा. उर्मिला देवी सिंह, दलको नेता, नागरिक उन्मुक्ति पार्टी

# विद्यार्थी संगठनहरूको संयुक्त स्वयंसेवक समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी मंसिर ९ गते जनकपुरधाममा आयोजना हुने श्री राम-जानकी विवाह पञ्चमी महोत्सवको व्यवस्थापन सुदृढ बनाउन विभिन्न विद्यार्थी संगठनहरूको सहभागितामा संयुक्त स्वयंसेवक समिति गठन गरिएको छ ।

समितिको संयोजकमा विद्यार्थी जनमत संघ धनुषाका अध्यक्ष विरेन्द्र यादवलाई चयन गरिएको छ । संयोजक यादवले महोत्सवमा सहभागी लाखौं भक्तजनलाई सहजता प्रदान गर्न भिड नियन्त्रण, ट्राफिक व्यवस्थापन, सुरक्षा, स्वास्थ्य सेवा, बराती व्यवस्थापन, खाना वितरण तथा डोला व्यवस्थापन जस्ता महत्वपूर्ण जिम्मेवारीहरू विद्यार्थी स्वयंसेवकहरूले आजदेखि नै समन्वित रूपमा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

समितिमा नेवि संघ, विद्यार्थी जनमत संघ, अनेरास्ववियू, अखिल क्रान्तिकारी, लोकतान्त्रिक विद्यार्थी संघ, समाजवादी विद्यार्थी युनियन र अनेरास्ववियू (एस)लगायतका विद्यार्थी संगठनका नेताहरूको सक्रिय सहभागिता रहेको छ ।

महोत्सवलाई सुव्यवस्थित, सुरक्षित र भक्तजनमैत्री बनाउन संयुक्त विद्यार्थी स्वयंसेवक टोलीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## जनकपुरधाममा विवाहपञ्चमी महोत्सव सुरक्षित बनाउन धनुषा प्रशासनको अपिल



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा सुरु भएको विवाह पञ्चमी महामहोत्सवका अवसरमा जिल्लामा लाखौं भक्तजनको भीड भइ रहेको अवस्थामा धनुषा जिल्ला प्रशासन कार्यालयले सुरक्षासम्बन्धी विशेष अनुरोध जारी गरेको छ ।

सप्ताहव्यापी महोत्सवमा आउने स्वदेशी-विदेशी भक्तजनको सुरक्षा सुनिश्चित गर्न प्रशासनले सुरक्षा संयन्त्रलाई थप जनशक्ति सहित क्रियाशील बनाएको जनाएको छ । जिल्ला प्रशासनका अनुसार, शहरभरि प्रहरी तथा सुरक्षाकर्मीहरूको सक्रिय गस्ती, निगरानी र भीड व्यवस्थापनका उपाय कडाइका साथ लागू गरिएको छ ।

प्रशासनले जनतासँग सुरक्षा देखिने होइन, महसुस गर्ने विषय भएको भन्दै जनकपुरवासी तथा आगन्तुकहरूलाई निश्चिन्त रूपमा महोत्सवमा सहभागी हुन आग्रह गरेको छ ।

साथै कुनै पनि घटना, दुर्घटना, चोरी-लुटपाट वा आपराधिक गतिविधि देखिएमा नजिकैको प्रहरी निकायलाई तुरुन्त खबर गर्न प्रशासनले सबैमा अपिल गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाममा जनताको पहुँच र सेवाप्रवाहलाई प्रभावकारी बनाउँदै महोत्सव अवधिभर निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

# विवाह पञ्चमीमा समुह र क्लोथ बैंकले गास,बास र स्वास्थय सहितको शिविर संचालन गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । विवाह पञ्चमी महोत्सवको मुख्य दिन नेपाल भारत खुला सीमा सम्वाद समूह र नेपाल क्लोथ बैंकले संयुक्तरुपमा वास,खाजा र स्वास्थ्य सहितको शिविर संचालन गर्ने भएको छ । समुहका अध्यक्ष राजिव झाले शुक्रबार जनकपुरधामका पत्रकारहरुसंग भेटघाट गर्दै विवाहोत्सवमा यसवर्ष अलग्गै तयारी गरेको जानकारी दिएका हुन् ।

क्लोथ बैंकको कार्यालयमा भएको भेटघाट कार्यक्रममा अध्यक्ष झाले भने,'प्रत्येक वर्ष विवाहोत्सवमा स्वास्थ्य शिविर संचालन गर्दै आएको थिए तर विवाहपंचमीमा आउने श्रद्धालु भक्तजनहरुको भिड बढ्दै गएका कारण यस वर्ष गास र वास दुवैको व्यवस्था गर्न लागेका छौ।'उनले विवाहपंचमीको मुख्यदिन विहान देखि साझसम्म जनकपुरधामको रामचौकमा शिविर वनाएर खाजा र स्वास्थयको सेवा दिने र रातीमा सुत्नका लागि मिथिला नाट्य कला परिषदको प्रांगनमा शिविर स्थापना गरिने जानकारी दिए ।

संस्थाले मिथिला परिक्रमा,विवाह पंचमी,कमला मेला लगायतहरुमा शिविर स्थापना गरी श्रद्धालु भक्तजनहरुलाई सेवा प्रदान गर्दै आएका छन् । क्लोथ बैंकले दुखि तथा विपन्नहरुलाई निशुल्क कपडा प्रदान गर्दै आएको छ ।

## फोहर व्यवस्थापन स्थल सार्न उपमहानगरलाई नागरिक समाजको अल्टिमेटम

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले हाल वडा नं. १ को सीता चौक हुँदै वडा नं. १६ र १९ क्षेत्रमा दैनिक फोहर व्यवस्थापन गर्दै आएको कार्यले स्थानीय बासिन्दाको वातावरणीय प्रदूषण तथा बाटोमा आवत-जावत गर्नसमेत अत्यधिक कठिनाइ भएको गुनासो उल्लेख गरिएको छ । नागरिक समाजले उपमहानगरपालिकालाई सात दिनभित्र सो स्थानबाट फोहर व्यवस्थापन कार्य अन्यत्र




स्वास्थ्य र वातावरणमा गम्भीर असर पर्न थालेपछि आम नागरिक समाज, जनकपुरधामले उपमहानगरपालिकालाईऔपचारिक ज्ञापनपत्र बुझाएको छ ।

टोलीले बुझाएको ज्ञापनपत्रमा फोहर डम्पिङका कारण दुर्गन्ध, स्वास्थ्य जोखिम, सार्न तथा यी बस्ती क्षेत्रमा डम्पिङ नगर्न आग्रह गरेको छ । ज्ञापनपत्रमा चेतावनी दिँदै भनिएको छ, "यदि हाम्रो मागको अवहेलना भयो भने, हामी नागरिक समाज सडक आन्दोलनमा उत्रन बाध्य हुनेछौं ।"

# संचारकर्मीहरुलाई आचार संहिता पालना गर्न काउन्सिलको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मिडिया काउन्सिलले प्रदेशका संचारकर्मीहरुलाई पत्रकार तथा संचारमाध्यम आचारसंहिता पालना गर्न आग्रह गरेको छ । काउन्सिलले शुक्रबार प्रेस विज्ञप्ती जारी गर्दै बदलिदो राजनीतिक परिवेश र तयारी चरणमा रहेको संसदीय निर्वाचनको लागि उपयुक्त वातावरण निमार्ण गर्न जिम्मेवार पत्रकारिताको माध्यमले आमसंचार जगतप्रतिको सम्मान र मर्यादा कायम राख्न सम्वद्ध सम्पूर्ण संचारकर्मीहरुलाई अपिल गरेको छ । काउन्सिलले मुलुकमा व्याप्त विषय परिस्थितीमा गम्भीर भई निष्पक्ष समाचार प्रकासन र प्रसारण गर्नुपर्नेमा केहि अनलाई संचारमाभ्यम र सोमा आवद्ध संचारकर्मीहरुको नाममा विभिन्न मौखिक उजुरीहरु आइरहेको र मिडिया आतंक जस्ता शव्दले टिप्पणी भइरहेकोले जिम्मेवार जवाफदेही पत्रकारित ागर्न आग्रह गरेको छ ।



मधेश प्रदेश सरकार
गृह,सञ्चार तथा कानुन मन्त्रालय
मिडिया काउन्सिल
जनकपुरधाम, धनुषा, नेपाल

मिति : २०८२/०८/०५

प्रेस विज्ञप्ति

नेपालको बदलिदो राजनीतिक परिवेश र तयारी चरणमा रहेको संसदीय निर्वाचनको लागि उपयुक्त वातावरण निर्माण कार्यमा राज्यसँगै आमसञ्चार माध्यमको दायित्व पनि रहेको यथार्थलाई मनन गर्दै जिम्मेवार पत्रकारिताको माध्यमले नेपालको आमसञ्चार जगतप्रतिको सम्मान र मर्यादा कायम राख्न सम्वद्ध सम्पूर्ण सञ्चारकर्मीहरुलाई मिडिया काउन्सिलले अपिल गर्दछ ।

[illegible]

स्वच्छ, व्यावसायिक र मर्यादित पत्रकारिता प्रवर्द्धन गर्न मिडिया काउन्सिलले आमसञ्चारकर्मीलाई "पत्रकार तथा सञ्चारमाध्यम आचारसंहिता २०७९" को पालना गर्न हुन अनुरोध गर्दछौं । [illegible] कानुनले दिएको निर्देशन पालना गर्न काउन्सिल प्रतिबद्ध रहेको जानकारी सम्वद्ध पक्षलाई आग्रह गर्दछौं ।

सुरेश यादव
का.वा.अध्यक्ष
मिडिया काउन्सिल

काउन्सिले जारी गरेको विज्ञप्तीमा नागरिक तहमा पत्रकार वा संचारकर्मबाट पिडीत हुन पुगेको अवस्थामा प्रदेश संचार ऐन बमोजिम मिडिया काउन्सिलमा उजुरी गर्न भनिएको छ भने कुनै पत्रकारले आफनो व्यवसायीक आचारसहिता उलंघन गरेमा कुनै पनि व्यक्तिले उजुरी दिन सक्ने र सोको जाँचवुझ गरी अघि बढ्न कानुनले दिएको निर्देशन पालना गर्न काउन्सिल प्रतिवद्ध रहेको उल्लेख छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। हाम्रो कालेबुङ ।।

टिस्टा नदीको तिरैमा
कालेबुङ छ हजुर सिरैमा
पहाडको शिरमा मुसुक्क
हिमगिरीका सेता सेता चुचुरा
हाँसिरहेका छन्
हेर्दा एउटा सानो सहर
साना साना चोकले
हाट बजार भरिएका
रमाइलो गर्न
परिवार धान्न
निकट बस्तीबाट आउने गर्छन्।
डेलो डाँडाको पर्यटकीय स्थल
लोभ्याउने छ पर्यटकहरूलाई
माथि लाभा विभिन्न जातिहरूले भरिएका
गोष्ठीसँगै खाद्यान्न परिकारका मिठास
कहिलेकाहीँ लोले गाउँले सम्झना गर्छ।
पारी देखिने सिक्किमको दृश्य
वारी देखिने दार्जिलिङको भित्तो
साँच्चै पर्यटन क्षेत्रलाई आकर्षित छ।
दुरपिन डाँडाबाट धेरै रमाइलो देखिन्छ
लजालु नयनले जस्तै मुस्कुराएको हुन्छ
यस्तै साइन सेन्टर ,कफेर, हुँदै
मेला ग्राउन्डको भीडको जमात
साँच्चै कालेबुङको एउटा धरोहर हुन्।
कालेबुङ हाम्रो कालेबुङ
टिस्टा नदीको तिरैमा
कालेबुङ छ हजुर सिरैमा।
डम्बर चोकको सालिकहरू
कालेबुङको मुटु मानिन्छ
मङ्गल धाम ठाकुरबाढी आहा
धर्मलम्बीहरूको गुणस्तर
ज्ञान आर्जनको भण्डार
त्यसै पारी देखिने कन्चनजङ्गाको
चिसो चिसो सिरौटोले
छपक्क छोपेको
कालेबुङ एउटा उपहार हो।
कालेबुङ हाम्रो कालेबुङ
टिस्टा नदीको तिरैमा
कालेबुङ छ हजुर सिरैमा।



**प्रेम शर्मा 'एकान्त प्रेमी'**
**कालेबुङ**

## ।। चुनाव ।।

चुनु आब अप्पन नेता
नै त भजाएत सब माइट ढेला
नै बिकाउ जनतासब दारुमासमे
भजाएब नै त बिरान तखने साँझमे
जुवनको सब नैपरु कोनो नेताके लालच लोभमे
नै त फैंस जायब टकला जैसन कैदमे
मधेस प्रदेश के राजधानी मे छि हम आहाँ
बनाउ अपन अपन प्रदेस के
स्वस्थ आ हराभरा
जनताके सहारास बनैछै केहु नेता
तैहन यि नेता चुनाव जितल
पहुँचैछै प्रतिनिधिए आ राष्ट्रिय सभामा
चुनु अखनो अप्पन अभिनेता
नै त भजाएत सब माइट ढेला
जनते बनैछै नेता बुझि इबात
नै त भजाएत बहुते विवाद
नौत पेहानिस नैबनु नेता
इष्टोमित्र प करु भरोसा
नै त हम अहाँ भजाएब पानीके हिलकोरा
नेताके खरचापानी प नैचलु
समयमे रोजगार करु
अप्पन शिक्षा शिपके हिसावस
समयमे विदेश धरु
स्वदेशी पुँजी स्वदेशी हाथ
बनि उत्कृष्ट मिश्रण अनुपम स्वाद
चुनाव धरि मात्रे जमैछै नेताके जनता जौरे अखाडा
तेकर बाध भजाएछै बटवारा
चुनाव लगोचमे आएल सब पार्टी के भेल मेल
तैखनोनै भेल जनकपुरके पटरी प मैत्रि मेल
सब भेल राजनितिक जालझेल
तखनोनै मिलल टकलाके बेल
रवि यो सँझिया साँझ के भेल
मधेशि जनताके भेल नरकोमे ठेलमठेल
चुनु अखनो पुरुषोत्तम नेता
नै त भजाएत सब माइट ढेला



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। पुरानै मधेश ।।

सुन हौ, हामीलाई मधेश प्यारो छ
त्यो भन्दा नी देश प्यारो छ।
क्षणिक कुरा होइन यो
मलाई पुरानै मधेश प्यारो छ ।
शान्त परिवार, शान्त कथा र शान्त व्यथा,
न चोरी न चकारी
न नेता न भ्रष्टाचारी,
न समावेशी न दानवजाती
न झगडा न हल्ला न खुरापाती।
न लडेकै बेस हुन्थ्यो होला
न उठेकै बेस हुन्थ्यो होला
न पढेकै बेस हुन्थ्यो होला
न विदेश हिडेको बेस हुन्थ्यो होला।
अशान्ति बनाएर शान्ति खोज्दैछन्
घाँटी रेटी अगाडि बढन खोज्दैछन्
कस्तो बिड्मबना,
भुई रगतले भिजाएर सर्फ पानीले धुदैछ।
के कमी थियो र समाजमा,
काग कराउँदा पाहुनाको संकेत
सूर्य अस्ताउँदा बेलुकाको संकेत
दुई छाक गास र कपास हुँदा
राती सुत्दा सुनौलो बिहानीको संकेत ।
कति फरक छन् यी समय अहिले,
रातो रंग होलीमा उड्थ्यो
अहिले त गली गलिमा उड्छन,
घरबाट निस्किंदा गन्तव्य पुगिन्थ्यो
अहिले भन्न सकिन्न भन्छन्।
उमेरले मर्ने बाँच्ने त थियो,
हरियो जङ्गलमा सफा हावा त थियो,
अहिलेको अवस्था भनिनसक्नु छ,
एक अर्कालाई विश्वास गर्ने नाता त थियो।
साथी संगी भेला हुन्थ्यौं गाउँमा
अहिले भेट्छौं विदेश भनिने
रहर र बाध्यता भनिने ठाँउमा,
अब रहेनन् ती सपना र ती खुशीहरु
हाम्रा ती गाउँमा।
म उमेश, मेरा व्यक्तिगत व्यथा छैन
समय हेर्दा आफ्ना कुनै कथा छैन
समाज, देश र मधेश काहा जाँदैछन्
के हुन्छन् भोलि कसैलाई थाहा छैन्।



**ई. उमेश शाह**
**हंसपुर -८, धनुषा, हाल यु.के.**

## ।। संकल्प ।।

मलाई मन पर्छ आफ्नै देशको माटो ।
घुम्ने मन छ आफ्नै गाउँ गल्ली बाटो ।।
यदि जीवनको दुई विकल्प पाए भने ।
पहिला दुख छनोट गर्छु सुखको साटो ।।
दुख सहन्छु कायर झै भाग्दिन टाढा ।
गुलाफ बन्न स्वीकार छ मलाई काडा ।।
जीवनचित्र लालित्य उत्कृष्ट बनाउछु ।
आशु रक्त पसिना रंगहरु घोली गाढा ।।
वन प्रवत बादल सुर्य चाँद तारा गगन ।
सुन चाँदी हिरा मोती रत्न ऐश्वर्य भवन ।।
चाहिदैन रतिभर तुच्छ मोहमाया कण ।
भए जो सँग अनन्त अमूल्य कला धन ।।
हुदैनन् केही आफ्नो हाथमा, मान्दिन ।
दुख कष्ट पीडा व्यथा हो के? जान्दिन ।।
आतिन्छ कोही मातिन्छ, कर्म खेलमा ।
जीत हार भाग्यको हाथमा, ठान्दिन ।।



**कवि : राम मण्डल**
**ठेगाना: सिनुरजोडा-१, धनुषा, नेपाल ।**

## मौसम जेना सरकार बदलै छै

कहियो सर्दि कहियो बोखार लगै छै
कहियो गर्मी कहियो जार लगै छै
ई सरिर केना बदलै छै बुझ नै सकै छी
कहियो हसि खुसी कहियो पहाड लगै छै
आब जाईत पाइत के नाम सँ राजनेति करै
कहियो बन्द हरताल कहियो तोर फोर करै छै
केकरा कहुँ निक केकरा बेजाई सत्ता मे जाईते
बदलै छै सरकार
जनता सब सोझा सिधा है
नेता सब चढै लाखो करोडके कार
आब देशक अवस्था कहिया परिवर्तन
हेतै हौ नेपाली सरकार
कते दिन गरीब घिसरी कटतै
कते दिन बेरोजगारी रहतै
बुढ माय बाबू छोइर कते दिन
बेटा बेटी साहुदी कतार खटतै



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। सपना ।।

दिनेमे चान्द देखके
चान्द मे नै दाग देखके
छोरब नै धर्ती
तैयो स्वर्ग देखके।।
सुतल मे नै सपना देखके
सपनामे नै बिपना देखके
भैरक दुनिया के मुठ्ठी मे
माइके चर्नो मे राखके ।।
भग्जोगनी के साथ खेलके
डिबयाके इजोतमे पर्हके
फेरस हाथ पकैर पापाके
मेला घुमके ।।
खेतमे कौवा उराबके
आइरप बैसक जलखै खाइके
जौ हुए कादो खेतमे
घुइम घुइम क माछ पकरके।।
फुहिमे नहाइके
डोकाबिछ जाइके
जौं देखली कौंकरा
साथी सबके बोलाबके



**उदेशवर शर्मा**
**गा पा. - हाँसपुर - ८**

## 'जनताक व्यथा आ उम्मीद'


नेता-सबके लोभ लालचसँ,
जनता दिन-दिन दुख झेलैत।
वादक रस बूझाय देइत,
सचगर काजक राहि भेलैत।
मत मागी तो सभ दर-दर,
नून-तेल भेटै कठिन भेल।
कर्जा, महँगाईक बोझा,
गरिबक छाती फोरि गेल।
सभ बैठक, नीति, भाषण,
बस कागजपर रंग भरैत।
नगरे-गामक बाट-घाटक
हाल पूछनिहार नहि डरैत।
जनताक छातीमे उठैत
रोज-रोज आर्तनाद सुनू–
"नेता बदलू, नीति बदलू,
हमरो दुखक उपशम बनू।"
आशा-आकाशक थारीमे
नए किरणक आगमन होऊ।
जनता संग ठाढ़ भ' क' नेता,
साँच विकासक अर्घदान दऊ।



**लेखकः- भागचरण यादव**
**जनकपुरधाम १४**

## ।। बँटवारा ।।

बँटवारा कुछ याइसे बँट देला भाई,
भइया कहस बबुआ, आ बबुआ कहे भइया, हउवन कसाई।
कबो एके थाली में खाए खातिर मार भइल रहे,
कल बबुआ गाली देत रहलन भइया के ई बोल के,
कि तोहार नल के पानी हमरा खेत में काहे आइल रहे ?
कल बबुआ भइया के हिस्सा छीन के खइलस,
आज जब त्रिया चरित्र में पड़ के बँटवारा भइल,
त उहे बबुआ भइया के नजर में बेईमान हो गइलस
एक समय दू भाई, दू शरीर, लेकिन एक परान रहे,
आज लागत बा दूनू भाई एक दूजे के जान हरें।
बँटवारा में धन बटल, ईमान भला केकर बटेला ?
ई रिश्ता के गाछ नफरत के काँट में अटकेला।
गजब रे समय, गजब तोर लीला बा,
भाई के चेहरा में आज, दुश्मन के चेहरा झाँकत बा।
आ एक भाई के बच्चा पकवान खाए त,
दूसर भाई के बच्चा टुकुर टुकुर ताकत बा।
माटी के टुकड़ा खातिर अब आँख में अंगार भरल बा,
भइया के आँख के तारा रहले बबुआ,
आज उहे भइया बबुआ के आँख में गरल बा।
जब ई त्रिया-चरित्र के नाग घर में घुस जाला,
राम-लखन के जोड़ी रावण से पहिले टूट जाला।
आज जब सब बँट गइल, त भाई-भाई में बैरी क भाव बा,
ई बँटवारा ना ह, ई त आत्मा पर लागल घाव बा।
हे समय, तू न्याय ना कइल, तू परलय ले आइल,
मेहरारू के कारन भाई-भाई के हृदय में,
नफरत के बीज जमाइल।
अब त इहे लागत बा कि काश ई साँस भी बँट जाए,
त ई बँटवारा के कहानी अंतले पहुँच जाए।



**नामः राम सर्राफ (राम सर)**
**ठेगाना : छिपहरमाई -०४, पर्सा**

## ।। जीवन ।।

जीवन ईश्वरके देल एकटा अनमोल उपहार छै। ई छोटो छै, मुदा एहिमे बहुत रंग-बिरंग अनुभव भरल छै। कहियो खुशी भेटै छै, कहियो दुख, कहियो सफलता, कहियो असफलता–मुदा एहे सब मिलि क' जीवनक असल रूप बनै छै।

जीवन में सबसे जरूरी बात छै – मेहनत, धैर्य आ' सकारात्क सोच। जे व्यक्ति शांत मन सँ अपन रास्ता पर चलैत छै, ओ कठिनाइयों के आसानी सँ पार क' लै छै। परिवार, मित्र आ' समाज संग नेह, आदर आ' सद्भाव राखब जीवनक सुन्दरता बढ़ा दै छै।

अन्त में, जीवन एतबा भरि छै–भल सोच, भल काम, आ' सबके प्रति भल व्यवहार। जतेक नेह आ' खुशी बाँटब, ओतेक अपन जीवनो उजियार बनत।



**लेखकः- अभिषेक यादव**
**ठेगानाः-जनकपुरधाम उपमहानगरपालिका वडा न ०९ (बेल्ही टोल)**

# 'परान' को कर्पोरेट शो मा थपियो अग्नि ग्रुप : चलचित्र चौथोसातामा




**टुडे समाचारदाता**

काठमाण्डु । तपाईंले 'परान' चलचित्र हेर्नुभयो ? कति पटक अनि को सँग हेर्न जानुभयो ? पक्कै पनि तपाईं आफ्नो परिवारसँग हेर्नुभयो होला । किनकि परानले सम्पूर्ण परिवारको ध्यान खिचेको छ ।

एउटा व्यक्तिको मात्र नभई घरका सबै सदस्यको मन जितेको छ ।एक्लै हेरेर आउनेहरूले सबै परिवारलाई परान चलचित्र हेराउन लगेको देखियो । स-परिवार एउटै लहरमा बसेर चलचित्र हेरेको दृश्य पनि छर्लङ्गै छ । त्यसैले नेपाली चलचित्र जगतमा कमै बन्ने परानजस्तो फिल्मले हेर्ने तरिकासमेत बदलिदिएको भन्दा फरक नपर्ला । एक्लै, साथीसँग जाने परम्परालाई तोड्दै परानले तीन पुस्ता मात्रै होइन, ठूलै ग्रुप वा कार्यालयका सम्पूर्ण कर्मचारी एकसाथ चलचित्र हेर्ने परम्पराको थालनी भएको छ । यो परम्पराको सुरूवात भने कर्पोरेट हाउसहरूले गरेका छन् ।

एउटा सिँगो कार्यालय नै हल बुक गरी चलचित्र हेर्न जाने चलनले सम्भवतः थिएन । अहिलेसम्म दर्जनौं कर्पोरेट हाउसहरूले आफ्ना कर्मचारीलाई सामूहिक रुपमा चलचित्र हेरिइसकेका छन् ।यसै क्रममा अग्नि ग्रुपले पनि आफ्ना २५० कर्मचारी र उनीहरूका परिवारसहित बिहीबार सिभिल मलमा 'परान' चलचित्र हेरेको छ ।

चलचित्र हेरेपछि अग्नि ग्रुपकी कार्यकारी निर्देशक सुसन वैद्य श्रेष्ठले भन्नुभयो- "फिल्मले नेपाली समाजको मौलिक कथा पस्केको छ, बुढेसकालमा बुबा-आमालाई छाडेर विदेश जाने सोचलाई निरुत्साहित बनाउनुपर्छ भन्ने सन्देश दिन सफल भएको छ, यसलाई मैले एकदमै सकारात्मक रुपमा लिएकी छु ।" नेपाली चलचित्र उद्योगमा यस्तै सन्देशमूलक फिल्म बन्न जरुरी रहेको उहाँको भनाइ थियो ।

'परान' मा जीवनको उत्तरार्धमा सन्तानको साथ र माया खोजिरहेका एक बाबुको भावनात्मक यात्रा देखाइएको छ । चलचित्रमा वरिष्ठ अभिनेता नीर शाह शीर्ष भूमिकामा छन् ।

# शान्ति सम्झौताको मर्म र 'जेनजी' युवाका आवाज एउटै छन्, त्यसलाई पूरा गरौँः संयोजक दाहाल



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षतासहितकोलोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणमा विस्तृत शान्ति सम्झौताले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ।

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच विस्तृत शान्तिसम्झौता भएको १९ वर्ष पुगेको अवसरमा शुक्रबार शुभकामना दिँदै संयोजक दाहालले सामाजिक न्याय, सुशासन, आर्थिक समानता तथा समृद्धिका मुद्दा पूरा नभएसम्म जनयुद्ध र शान्ति सम्झौताको मर्म तथा भावना अधुरै रहने बताउनुभयो।

शान्ति सम्झौताका प्रमुख हस्ताक्षरकर्तामध्ये एक तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाप्रति विशेष स्मरण र सम्मान व्यक्त गर्दै संयोजक दाहालले जीवित हस्ताक्षरकर्ताका रुपमा यस प्रक्रियामा योगदान पुऱ्याउनु हुने सबैप्रति सम्मान व्यक्त गर्नुभयो। "नयाँ एकीकरण र ध्रुवीकरणवाट बनेको नेपाली कम्युनिष्ट पार्टीले शान्ति सम्झौतामा आफ्नो राजनीतिक स्वामित्व र जिम्मेवारी बहन गर्दै बाँकी कार्यभार पूरा गर्न कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गर्दछु", दाहालद्वारा जारी सन्देशमा उल्लेख छ।

शान्ति सम्झौताको मूल मर्म समानतामूलक,लोककल्याणकारी र भ्रष्टाचारमुक्त समावेशी गणतन्त्रको स्थापना गर्नु रहेको उल्लेख गर्दै संयोजक दाहालले अहिले 'जेनजी' युवा पुस्ताले समेत यही मूल्य, भावना र 'स्पिरिट'का साथ आवाज उठाइरहेको बताउनुभयो। "शान्ति सम्झौताको आत्माअनुरूप शासकीय प्रणाली, शासन सञ्चालन तथा संविधानको आवश्यक परिमार्जन गर्न सके मात्र युवाको आकाङ्क्षा सम्बोधन हुन सक्छ भन्ने दृढ विश्वास छ", उहाँले सन्देशमा भन्नुभएको छ।

पूर्वप्रधानमन्त्री दाहालले विगतको गम्भीर समीक्षा गर्दै वर्तमान नेपाली समाजमा देखापरेका समस्या समाधान गर्न सबै पक्षको एकताबद्ध प्रयासका लागि अपिलसमेत गर्नुभएको छ। उहाँले न्याय, समानता र स्वतन्त्रताका पक्षमा बलिदान गर्ने सम्पूर्ण सहिदप्रति श्रद्धाञ्जलीका साथै बेपत्ता योद्धा, घाइते, अपाङ्ग तथा उहाँहरुका परिवारप्रति उच्चसम्मान व्यक्त गर्नुभएको छ। नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, भाषिक, क्षेत्रीयलगायत सबै प्रकारका उत्पीडनको अन्त्य गर्ने उद्देश्यसहित तत्कालीन माओवादीको नेतृत्वमा सञ्चालित जनयुद्धलाई संस्थागत गर्ने सन्दर्भमा सरकार र विद्रोही पक्षबीच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो।रासस

"नयाँ एकीकरण र ध्रुवीकरणवाट बनेको नेपाली कम्युनिष्ट पार्टीले शान्ति सम्झौतामा आफ्नो राजनीतिक स्वामित्व र जिम्मेवारी बहन गर्दै बाँकी कार्यभार पूरा गर्न कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गर्दछु"

# लोकतन्त्र, देश र जनताका लागि फागुन २१ गतेको निर्वाचन अपरिहार्यः राष्ट्रपति

"यो निर्वाचन परिणामले सुशासन, विकास र समृद्धिको यात्रालाई सुदृढ तुल्याउँदै नयाँ दिशा दिनेछ भन्ने मलाई विश्वास छ, यो निर्वाचन देश, जनता र लोकतन्त्रका लागि अपरिहार्य भएकाले यसलाई सफल पार्न म सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीलाई अपिल पनि गर्न चाहन्छु।"



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रको आवश्यताअनुसार व्यावहारिक ज्ञान, नैतिक शिक्षा र क्षमता अभिवृद्धि गर्ने सीपमूलक शिक्षा आजको आवश्यकता रहेको बताउनुभएको छ।

पद्मकन्या बहुमुखी क्याम्पसको ७५औँ वर्षका अवसरमा शुक्रबार आयोजित हीरक महोत्सव समारोहलाई सम्बोधन उहाँले यस्तो शिक्षाले नै अहिलेको चुनौती सामना गर्न सक्नेमा जोड दिनुभएको हो ।देश आज विषम परि स्थितिबाट गुज्रिएर यो अवस्थामा आएको सन्दर्भ उल्लेख गर्दै उहाँले त्यो विषम र कठिन परिस्थितिबाट संविधान, लोकतन्त्र र मुलुकलाई जोगाउँदै फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचनको मिति तय भएको बताउनुभयो। राष्ट्रपति पौडेलले भन्नुभयो, "यो निर्वाचन परिणामले सुशासन, विकास र समृद्धिको यात्रालाई सुदृढ तुल्याउँदै नयाँ दिशा दिनेछ भन्ने मलाई विश्वास छ, यो निर्वाचन देश, जनता र लोकतन्त्रका लागि अपरिहार्य भएकाले यसलाई सफल पार्न म सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीलाई अपिल पनि गर्न चाहन्छु।"

राष्ट्रपति पौडेलले समाज तथा राष्ट्रको आवश्यकताअनुसार थप विषयको पठनपाठन सुरु गरी व्यावहारिक ज्ञान, नैतिक शिक्षा र क्षमता अभिवृद्धि गर्ने सीपमूलक शिक्षालाई अब्बल बनाउनेतर्फ ध्यान दिनुपर्ने आजको आवश्यकता भएको बताउनुभयो। देश आज विषम परिस्थितिबाट गुज्रिएर यो अवस्थामा आएको सन्दर्भ उल्लेख गर्दै उहाँले त्यो विषम र कठिन परिस्थितिबाट संविधान, लोकतन्त्र र मुलुकलाई जोगाउँदै फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचनको मिति तय भएको उल्लेख गर्नुभयो। शैक्षिक संस्थाहरूको प्रमुख कार्य मुलुकमा विभिन्न क्षेत्रका लागि आवश्यक गुणस्तरीय र दक्ष जनशक्ति तयार गर्नु भएको उहाँको भनाइ थियो।

"मुलुकको प्राज्ञिक र प्रशासनिक मात्र होइन, राजनीतिक क्षेत्रमा स्थापित धेरै महिलाहरू यसै क्याम्पसबाट उच्च शिक्षा हासिल गरेका पाइन्छन्, उच्च शिक्षामा नयाँ नयाँ विषय अध्ययनका क्रममा पछिल्लो समय नेपाली विद्यार्थीहरु विदेशिने क्रम बढ्दो छ, यो यथार्थतालाई मध्यनजर गरी आगामी दिनमा बजारको मागलाई सम्बोधन गर्न स्वदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा यो क्याम्पसले विशेष ध्यान दिनेछ भन्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो।

कुनै पनि मुलुकको विकासका लागि शिक्षाको योगदान महत्वपूर्ण रहेको उहाँको भनाइ थियो। साथै, नेपालमा नारीहरूको शैक्षिक उन्नयनमा पद्मकन्याको विशेष योगदान रहेको बताउनुभयो। "राणा शासनको अन्त्य भएर प्रजातन्त्रको बिहानीसँगै शिक्षामा सर्वसाधारणको भर्खर पहुँच पुग्न लागेका बेला नेपाली नारीहरूका लागि उच्च शिक्षाको ढोका पद्मकन्याले नै खोलेको हो, त्यस्तो जटिल परिस्थितिमा उच्च शिक्षा प्रदान गर्ने मूल उद्देश्यका साथ स्थापना भएको पद्मकन्या क्याम्पस नारी शिक्षाको पर्यायका रुपमा रहेको छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

गुणस्तरीय शिक्षाका लागि महिला सशक्तीकरण भन्ने मूल उद्देश्यले स्थापित पद्मकन्या बहुमुखी क्याम्पस गौरवपूर्ण इतिहास भएको नेपालको एक अग्रणी शैक्षिक संस्था र नारी शिक्षाका लागि मुलुककै प्रमुख प्राज्ञिक केन्द्र बन्न सफल हुनु खुशीको विषय भएको उहाँले बताउनुभयो। उहाँले क्याम्पसलाई महिला विश्वविद्यालयका रूपमा स्तरोन्नति गर्नका लागि भएको पहलप्रति प्रसन्नता प्रकट गर्दै यसको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले पछिल्लो शैक्षिक सत्रमा विद्यावारिधी गर्ने विद्या थापा, प्रज्ञा गौतम, भगवति सेडाई, निरन खनाल र अञ्जना पोखरेललाई सम्मान गर्नुभएको थियो। कार्यक्रममा क्याम्पसको शैक्षिक प्रगतिका बारेमा क्याम्पस प्रमुख प्रा डा जयलक्ष्मी प्रधानले जानकारी गराउनुभएको थियो।रासस

# राष्ट्रिय स्वयंसेवक फोर्सले सङ्कट र विपत्तिमा सघाउँछः अध्यक्ष ओली



काठमाण्डु। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नवगठित राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ)ले मुलुकमा सङ्कट र विपत्ति पर्दा जनताको सुरक्षा तथा सहयोगका लागि काम गर्ने बताउनुभएको छ।

सो सङ्गठनको केन्द्रीय कमाण्डको घोषणा गर्न शुक्रबार बबरमहलमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले यो कसैका विरुद्ध नभइ हिंसा र अराजकताविरुद्ध गठन गरिएको बताउनुभयो। यसले जनधनको रक्षा, औद्योगिक प्रतिष्ठानको सुरक्षामा सहयोग पुऱ्याउने उल्लेख गर्दै उहाँले सुरक्षा निकाय र सामाजिक संस्थासँग मिलेर काम गर्ने बताउनुभयो।

अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाको पुनःस्थापनाबाट मुलुकको राजनीतिक निकास हुन्छ भन्ने पार्टीको अडान दोहर्याउनुभयो। कार्यक्रममा राष्ट्रिय युवा सङ्घका पूर्वउपाध्यक्ष पुष्पराज श्रेष्ठको संयोजकत्वमा राष्ट्रिय स्वयंसेवक फोर्सको केन्द्रीय कमाण्ड घोषणा गरिएको थियो।रासस

# 'उच्च शिक्षा विकासमा नेपाल-नर्वेको सहकार्य निरन्तर हुन्छ'




काठमाण्डु । नेपालका लागि नर्वेका राजदूत डाग्नी म्योसले उच्च शिक्षा विकासमा नेपाल-नर्वेको सहकार्य निरन्तर हुने बताउनुभएको छ।

मध्यपश्चिम विश्वविद्यालयद्वारा बिहीबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित 'खुला संसद् र नागरिक सहभागितासम्बन्धी अन्तरसंवाद' कार्यक्रममा राजदूत म्योसले दुई देशबीच शैक्षिक विकासमा हुने सहकार्यले थप उचाइ प्राप्त गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मध्यपश्चिम विश्वविद्यालयको समावेशी शिक्षा प्रवर्द्धनमा सहकार्य हुँदै आएको छ। आगामी दिनमा पनि स्नातक र स्नातकोत्तर तहका कार्यक्रममा सहयोगलाई निरन्तरता दिनेछौँ।"

शिक्षा क्षेत्रमा विश्वभर विश्वसनीय विकास साझेदारका रूपमा परिचित नर्वेली राजदूत म्योससहित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका नेपालस्थित आवासीय प्रतिनिधि क्योको योकोसुका सम्बद्ध टोलीले मध्यपश्चिम विश्वविद्यालय परिवारसँग पहिलोपटक अन्तरसंवाद गर्न पाउँदा खुसी लागेको बताएको छ।

विश्वविद्यालयका उपकुलपति प्रा डा ध्रुवकुमार गौतमले उच्च शिक्षा विकासका लागि अनुसन्धान तथा क्षमता विकासमा नर्वेजियन कार्यक्रम (नोरहेड-दोस्रो) अन्तर्गत सञ्चालित बिल्डिङ इन्क्लुसिभ एजुकेसन इन नेपाल (बीआइईपिएन) परियोजनाबाट प्राप्त उपलब्धि र प्रभावप्रति उच्च प्रशंसा व्यक्त गर्नुभयो। ओस्लोमेट-ओस्लो मेट्रोपोलिटन विश्वविद्यालयको नेतृत्वमा इनल्यान्ड नर्वे युनिभर्सिटी अफ एप्लाइड साइन्सेज, त्रिभुवन विश्वविद्यालय र मध्यपश्चिम विश्वविद्यालयको साझेदारीमा अघि बढाइएको यो प्रमुख परियोजनाले समावेशी शिक्षा तथा विशेष शिक्षाका क्षेत्रमा शैक्षिक र संस्थागत क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान गरेको उपकुलपति प्रा डा गौतमले बताउनुभयो।

उहाँले भन्नुभयो, "यस साझेदारीले प्रमाण-आधारित शिक्षण, उच्च गुणस्तरीय अनुसन्धान र नीतिगत पैरवीमा विश्वविद्यालयको आधारलाई उल्लेखनीय रूपमा सुदृढ गरेको छ। परियोजनाले समावेशी शिक्षामा दक्ष, सक्षम र दिगो प्रभाव पार्ने जनशक्ति उत्पादन गर्ने मजबुत संरचना तयार गरेको छ।" समावेशी र समान शिक्षा सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ र १० सँग मेल खाने अन्तरराष्ट्रिय सहकार्यलाई उपकुलपति प्रा डा गौतमले उत्कृष्ट नमूनाका रूपमा प्रस्तुत गर्नुभयो।

मध्यपश्चिम विश्वविद्यालयले २०२६ मा अन्तरराष्ट्रिय समावेशी शिक्षा सम्मेलन आयोजना गर्ने तयारीका साथै नर्वेजियन साझेदारहरूसँग संयुक्त परियोजना तथा शैक्षिक आदानप्रदानका नयाँ सम्भावना खोज्न इच्छुक रहेको उहाँको भनाइ थियो। उपकुलपति प्रा डा गौतमले नेपाल र नर्वेबीचको सम्बन्ध मित्रता एवं सहयोगपूर्ण र परस्पर सम्मानमा आधारित भएको बताउँदै मानव विकास सूचकाङ्कका हिसाबले निकै पछि परेको कर्णालीको उच्च शिक्षा विकासमा मध्यपश्चिम विश्वविद्यालयले नेतृत्वदायी भूमिका खेलेको जनाउनुभयो।

सन् १९७३ मा दुई मुलुकबीच औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना भएयता नर्वे नेपालका लागि शिक्षा, मानवअधिकार, ऊर्जा तथा वातावरण संरक्षणका क्षेत्रमा सहकार्य गर्दै आएको एक विश्वासिलो विकास साझेदार देश भएकाले पनि नर्वेली राजदूत म्योसले विश्वविद्यालयसँग गरेको अन्तरसंवादलाई अर्थपूर्ण रूपमा लिएको नोरहेड-दोस्रो परियोजना संयोजक एवं मध्यपश्चिम विश्वविद्यालय योजना, विकास तथा अनुगमन निर्देशनालयका कार्यकारी निर्देशक डा विष्णुकुमार खड्का जानकारी दिनुभयो।

उक्त अन्तरसंवाद कार्यक्रममा विश्वविद्यालयका रजिष्ट्रार प्रा डा शोभाखर कँडेल, अन्तरराष्ट्रिय सम्बन्ध निर्देशनालयका कार्यकारी निर्देशक डा यदुप्रसाद ज्ञवालीले विश्वविद्यालयको संक्षिप्त जानकारी, यसले सञ्चालन गर्दै आएका कार्यक्रम तथा शैक्षिक उपलब्धिका बारेमा प्रस्तुति राख्नुभएको थियो।रासस

# प्रदेश प्रमुख खापुङसमक्ष मधेसी आयोग वार्षिक प्रतिवेदन पेस



विराटनगर । मधेसी आयोगले कोशी प्रदेश प्रमुख परशुराम खापुङसमक्ष शुक्रबार आफ्नो सातौँ वार्षिक प्रतिवेदन पेस गरेको छ। आयोगका सदस्य रेणुदेवी साहले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा आयोजित कार्यक्रममा प्रमुख खापुङ समक्ष सो प्रतिवेदन पेस गर्नुभएको हो।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बुझाइएको हो।प्रमुख खापुङले प्रतिवेदन ग्रहण गर्दै मधेसी जनताको हकहित, संरक्षण, प्रवर्द्धन र सुरक्षा एवं सो समुदायमा देखिएको समस्या समाधान गर्न आयोगले प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

आयोगले सरकारी सेवामा मधेसीहरूको प्रतिनिधित्व वृद्धि गर्न आवश्यक प्रशिक्षण कार्यक्रम गरेकामा उहाँले खुसी व्यक्त गर्नुभयो। प्रमुख खापुङले हिमाल, तराई, पहाडमा बसोबास गर्ने नेपाली जनताबीच एकता कायम गरी राष्ट्रियता संवर्द्धन गरी राष्ट्रिय एकता बलियो बनाउन आयोगले गरेको कार्यप्रति प्रशंसा व्यक्त गर्नुभयो।

आयोगकी सदस्य साहले आयोगमा उक्त वर्ष ३७ वटा उजुरी प्राप्त भएको सो उजुरीउपर सम्बन्धित निकायमा उजरीकर्ताबीच छलफल गरी पीडितलाई सहजता प्रदान गरेको जानकारी गराउनुभयो।रासस

# सात लाख थान विद्युतीय राहदानी खरिद गर्न विभागलाई स्वीकृति

काठमाण्डु। सरकारले अन्तरिम अवधिका लागि सात लाख थान विद्युतीय राहदानी खरिद गर्ने भएको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले नयाँ सम्झौताअनुसार राहदानी जारी नहुँदासम्मको अन्तरिम अवधिका लागि हालकै आपूर्तिकर्ता कम्पनीसँग भेरियसन आदेशमार्फत राहदानी खरिद गर्न विभागलाई स्वीकृति प्रदान गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो।

बैठकले बङ्गलादेशको ढाकामा यही मङ्सिर १० र ११ गते हुने नेपाल-बङ्गलादेश ऊर्जा क्षेत्रको संयुक्त कार्यसमूह तथा संयुक्त सञ्चालक समितिको सातौँ बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चिरञ्जीवी चटौत नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ। सरकारले नेपाली सेनाका एक जनालाई महासेनानीबाट सहायक रथी तथा एक जनालाई सहायक रथीबाट उपरथीमा विशेष बढुवा गर्ने निर्णय पनि गरेको छ।यसैगरी, लुम्बिनी विकास कोष (लुम्बिनी विकास परिषद्)का सदस्यसचिवमा गोरखाका दीपक श्रेष्ठलाई मनोनयन गर्ने निर्णय बैठकले गरेको छ।

मन्त्रिपरिषद्ले उपभोक्ता अदालत र बाल अदालतको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने निर्णय पनि गरेको छ। त्यसैगरी यही मङ्सिर ८ देखि १२ गतेसम्म चीनको सिजाङ (तिब्बत) स्वशासित क्षेत्रको ल्हासा सहरमा आयोजना हुने महिला सेमिनारमा सहभागी हुन आदिवासी जनजाति आयोगका सदस्य रीना रानालाई स्वीकृति प्रदान गरिएको छ।रासस

# नयाँ अध्यागमन ऐन ल्याउन विज्ञहरूको सुझाव



काठमाण्डु । सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्यागमन ऐन, २०४९ समयसापेक्ष नभएको भन्दै नयाँ कानुन निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

समितिको शुक्रबार बसेको बैठकले समयसापेक्ष नयाँ कानुन निर्माण गर्नुअघि हालको विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका लागि सहायक कानुनसमेत तत्काल तयार गर्नुपर्नेमा जोड दिएको हो।

बैठकको निष्कर्षबारे जानकारी दिँदै सभापति मायाप्रसाद शर्माले ३३ वर्ष पुरानो अध्यागमन ऐन हालको परिस्थिति र प्राविधिक विकाससँग अनुकूल नभएकाले नयाँ कानुन निर्माण अपरिहार्य भएको बताउनुभयो। केही दिनअघि लागू गरिएको नयाँ कार्यविधिले केही सहजता ल्याए पनि मूल ऐनसँग मेल खाने सहायक कानुन तत्काल बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

"विसं २०४९ को ऐनले आजका चुनौतीहरू समेट्न सकेको छैन। सहायक कानुन नबनेका कारण ऐन र व्यवहारबीच ठूलो अन्तरविरोध छ", सभापति शर्माले भन्नुभयो।

बैठकमा पूर्वमुख्यसचिव शङ्करदास बैरागी, संविधानसभा सदस्य खीमलाल देवकोटा, अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारी र प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेले राष्ट्रिय सुरक्षा, प्रविधिको प्रयोग, प्रवेशाज्ञा (भिसा)का नयाँ प्रकार, अध्यागमन प्रणाली व्यवस्थापनलगायत विषयमा सुझाव दिनुभयो। रासस

# सुदूरपश्चिमको लगातार दोस्रो जित



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग अन्तर्गत शुक्रबार पोखरा एभेन्जर्सलाई १८ रनले पराजित गर्दै सुदूरपश्चिम रोयल्सले लगातार दोस्रो जित निकालेको छ।

यसअघि पहिलो खेलमा सुदूरपश्चिमले काठमान्डु गोर्खाजलाई पराजित गरेको थियो ।यसअघि विराटनगर किंग्ससंग हार भोगेका पोखराको भने यो लगातार दोस्रो हार हो। सुदूरपश्चिमले दिएको १९४ रनको विशाल लक्ष्य पछ्याएको पोखराले २० ओभरमा ८ विकेटको क्षतिमा १७५ रन बनाउन मात्र बनाउन सक्यो। पोखराका लागि कप्तान कुशल भुर्तेलले अर्धशतक प्रहार गरेका थिए। उनले ५३ रन जोड्ने क्रममा ३२ बलमा ४ चौका र ४ छक्का प्रहार गरे। भुर्तेल १६औं ओभरमा सुदूरपश्चिमका स्कट कुगेइलिनबाट बोल्ड भएपछि पोखराको पराजय निश्चित बनेको थियो।

सुरुवातमै दुइ विकेट गुमाएका पोखराका जिमी निशमले आक्रमक ब्याटिङ गर्दा पोखरा सम्हालिएको थियो। निशमले २५ बलमा २ चौका ५ छक्काको मद्दतमा ४७ रन बनाए। उनले कुशल भुर्तेलसँग चौथो विकेटका लागि ७५ रनको साझेदारी गरे। १२औं ओभरको तेस्रो बलमा दीपेन्द्रसिंह ऐरीबाट बोल्ड हुनुअघि उनले सो ओभरमा लगातार दुई छक्का प्रहार गरेका थिए। तेस्रो बलमा निशमलाई बोल्ड गरेपछि उनले समरसल्ट सेलिब्रेसन गरेका थिए। पोखराका ओपनिङ ब्याटर एडम रोसिङटन पहिलो ओभरमै १ रनमा रनआउट भए। अर्का ओपनर दिनेश खरेल तेस्रो ओभरमा ६ रनमा आउट हुँदा पोखरा दबाब परेको थियो। बलिङमा सुदूरपश्चिमका हर्मित सिंहले २ विकेट लिए। कुगेइलिन, ऐरी, हेमन्त धामी, नरेन साउद र अभिनास बोहराले १-१ विकेट लिए।

त्यसअघि अस्ट्रेलियन ब्याटरद्वय जोश ब्राउन र क्रिस लिनको बिस्फोटक ब्याटिङको मद्दतमा सुदूरपश्चिम रोयल्सले पोखरा एभेन्जर्सविरूद्ध ७ विकेटको क्षतिमा १९३ रन जोडेका थिए।

सुदूरपश्चिमका अस्ट्रेलियन ओपनर जोस ब्राउनले ३५ बलमा ६ चौका र ५ छक्का प्रहार गर्दै ६८ रन जोडे। उनी ११औं ओभरको दोस्रो बलमा आउट हुँदा सुदूरपश्चमले १०८ रन जोडेको थियो। उनी पोखराका जिमी निशमको बलमा किरण ठगुन्नाबाट क्याच भए। ब्राउनले विनोद भण्डारीसँग १०८ रनको ओपनिङ साझेदारी गरे।

एनपिएलमा शनिबार दुई खेल हुनेछन्। विहान सवा ११ बजे कर्णाली याक्स र लुम्बिनी लायन्स भिड्नेछन्। यस्तै दिउँसो ३:३० मा विराटनगर किंग्स र काठमान्डु गोर्खाजबीच प्रतिस्पर्धा हुनेछ।

# अमेरिका करोडौँ डलर मूल्यका अस्त्रशस्त्र भारतलाई बिक्री गर्न तयार

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिकाले भारतलाई ९.२८ करोड डलर मूल्य पर्ने विभिन्न अस्त्रशस्त्र बेच्नका लागि छुट्टाछुट्टै स्वीकृति प्रदान गरेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। तीमध्ये 'ज्याभ्लिन एन्टि-ट्याङ्क' क्षेप्यास्त्र र जीपीएसबाट निर्देशित हुने र लामो दूरीमा लक्ष्य गरी प्रहार गरिने एक्स्क्यालिबर तोपगोलाहरू छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपतिले वाशिङ्टनमा भेटेर "प्रतिरक्षा सम्बन्ध बढाउने" प्रतिबद्धता गरेको नौ महिनापछि यो निर्णय आएको हो।गत अक्टोबर महिनामा दुई देशले १० वर्षका लागि प्रतिरक्षा सहकार्य विस्तार गर्ने भन्दै एउटा सहमतिमा हस्ताक्षर पनि गरेका थिए। यसअघि ट्रम्पले भारतलाई अमेरिकामा निर्मित थप अस्त्रशस्त्र किन्न आग्रह गरेको भन्ने विवरणहरू सार्वजनिक भएका थिए। भारतले रुसबाहेक अन्यत्रबाट पनि अस्त्रहरू थप्न खोजेको छ।

रुस अहिले पनि भारतले आयात गर्ने अस्त्रहरूको मुख्य आपूर्तिकर्ता हो। तर भारत अमेरिकातिर ढल्किँदा सन् २०१७ देखि २०२३ सम्म भारतले भित्र्याएको अस्त्रशस्त्रमा रुसी सामग्रीको अंश ६२ प्रतिशतबाट बाट ३४ प्रतिशतमा झरेको छ। भारतको अमेरिकासँगको प्रतिरक्षा व्यापार झन्डै शून्यबाट ह्वात्तै बढेर २० अर्ब डलर पुगेको छ। अमेरिका अहिले भारतका लागि रुस र फ्रान्सपछि तेस्रो ठूलो हतियार आपूर्तिकर्ता हो।

अमेरिकी विदेश मन्त्रालयको प्रतिरक्षा र रक्षा सहकार्य हेर्ने निकाय 'डीएससीए'का अनुसार अहिले बिक्री गर्न लागिएका अस्त्रहरूले "उसका विद्यमान र भावी खतरा झेल्न भारतको क्षमतामा सुधार" गर्न सघाउने छन्। विदेश मन्त्रालयको विज्ञप्तिमा ४.५७ करोड मूल्यको १०० राउन्ड एफजीएम-१४८ ज्याभ्लिनसहितको ज्याभ्लिन क्षेप्यास्त्र प्रणाली, एउटा "फ्लाइ-टु-बाइ" क्षेप्यास्त्र र २५ वटा लाइटवेट कमान्ड यूनिट बिक्री गर्न बाटो खुलेको उल्लेख छ। यो प्याकेजमा पनि सिम्युलेशन राउन्ड, तालिम, जगेडा पार्टपुर्जा, प्राविधिक सहयोग र बन्दोबस्तीसँग सम्बन्धित अन्य सहयोग पनि पर्छन्। अर्को छुट्टै सूचना प्रकाशित गर्दै अमेरिकी विदेश मन्त्रालयले ४.७१ करोड डलर पर्ने २१६ वटा एम९८२ए१ एक्स्क्यालिबर ट्याक्टिकल प्रोजेक्टाइल बिक्री गर्न अनुमति दिएको छ। त्यसमा अग्निनियन्त्रण गर्ने प्रणाली, प्राइमर, विस्फोटक पदार्थ, प्राविधिक डेटा र मर्मत सेवा पनि समाविष्ट छन्।

प्रस्तावित बिक्रीले भारतसँगको सामरिक सम्बन्धलाई सुदृढ बनाउँदै "अमेरिकाको परराष्ट्रनीति र राष्ट्रिय सुरक्षाका उद्देश्यहरूलाई टेवा पुऱ्याउने" डीएससीएले जनाएको छ। उक्त निकायले सो निर्णयले इन्डो-प्यासिफिक र दक्षिण एशिया क्षेत्रमा "राजनीतिक स्थिरता, शान्ति र आर्थिक उन्नति"का लागि महत्त्वपूर्ण बल प्रदान गर्ने जनाएको छ।

डीएससीएका अनुसार भारतलाई ती सैन्य उपकरणहरू आफ्नो सेनामा समाविष्ट गर्न कठिनाइ हुने छैन।

अमेरिकाले भारतमाथि लगाएको ट्यारिफका कारण उत्पन्न तनाव मत्थर पार्ने प्रयास गरिरहेकै बेला सैन्य उपकरण र अस्त्रशस्त्रसम्बन्धी यो निर्णय आएको हो। भारतले रुससँग तेल र हतियार किनेकोमा अमेरिकाले त्यसप्रति आपत्ति व्यक्ति गर्दै आएको छ।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सुचन

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय सबैला, धनुषा**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता । पतिको नाम | बाजे । ससुरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८२।०७।३० सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृष एण्ड कृषिका टेडर्स प्रो.विमल कुमार यादव | चोराकोयलपुर ०२ | विमल कुमार यादव | यदुविर भिमवार यादव | २४३८६ | व्यापार | २७००००० | १६४४०३ | २८६४४०३ | ५४२३८४३ | ९८०७६५३१४९ |
| २ | रितेश पशुपंक्षी मत्स्य तथा कृषि पालन फर्म/प्रो.रिग कुमारी दाहा | भुतही पटेर्वा ०१ | हेरराम दाहा | नथुनि दाहा धानुक | २४३१९ | सहुलियत कर्जा | ३०००००० | १८२६४७ | ३१८२६४७ | ५३१०६३४ | ९८०७८८८७२६ |
| ३ | उषा देवी यादव | खरिहानी ८ | जयशंकर यादव | विनदेश्वर प्रसाद यादव | २४४६५ | सरल कृषि कर्जा | १८०४७६१ | ६५९९९ | १८७०७६० | ५५०३९०८ | ९८४४१२२७४५ |
| ४ | ममता महरा | झटियाही ०९ | रामपूकार महरा | विपति चमार | २४३२९ | सरल कृषि कर्जा | ९००००० | ५७६५५ | ९५७६५५ | ५३२४८७४ | ९८१९८६६५१२ |
| ५ | देब शरण ठाकूर | भूतही पटेर्बा ०९ | बहादूर ठाकूर बरही | तेतर ठाकूर बरही | २३९४३ | सरल कृषि कर्जा | ७००००० | १४८७६ | ७१४८७६ | ९८७५४० | ९८००८७४३१५ |
| ६ | सूरेन्द्र वहादुर कार्की | मखनाहा ०३ | ललित वहादुर कार्की | पदम वहादुर कार्की | ४२३० | सरल कृषि कर्जा | ९००००० | ३९५२४ | ९३९५२४ | ९८७४८४ | ९८०१७७३०१९ |
| ७ | प्रर्मिला देवी | मिथलेश्वर निकास ०१ | लक्ष्मेश्वर यादब | जदू यादब | २४३३० | सरल कृषि कर्जा | ६५०००० | १८७५७ | ६६८७५७ | ५३२९३०७ | ९८०४८१८११९ |
| ८ | प्रमोद कुमार यादव | भुतही पटेर्वा ०४ | लटँ यादव | चुटा यादव | २३८२८ | घरायसी | ६००००० | २८०६४ | ६२८०६४ | ९८७२३९ | ९८००८७२६१७ |
| ९ | कृष टेडर्स/प्रो.सहदेव साह | धनूषाधाम ०४ | रामलोचन साह | जयलाल साह | ४७३५ | व्यापार | ५७५००० | ३३३४८ | ६०८३४८ | ९८७२४४ | ९८०७८८२५०५ |
| १० | राजकिशोर यादव | ननुपटी ०६ | रामजी यादव | नथुनि यादव | २३६५७ | घरायसी | २५०००० | १२२१२ | २६२२१२ | ९८७२२९ | ९८०७६३८०९१ |
| ११ | बलवन्ता यादब | धनूषगोबिन्दपूर ०५ | चौधरी यादब | बधूवा यादब | २३७८७ | घरायसी | ३१५००० | १५७१७ | ३३०७१७ | ९८७९४० | ९८१२१३८११९ |
| १२ | जय कुमार यादव | कजरा रमौल ०७ | वतहु यादव | रवि यादव | २४३४८ | सरल कृषि कर्जा | १०००००० | ३३७७५ | १०३३७७५ | ५३७६६४६ | ९८१६८२२३१५ |
| १३ | रामजी यादव | धनुषाधाम ०४ | मनेजर यादव | मनोगि यादव | २४०८३ | घरायसी | ७००००० | २६३२७ | ७२६३२७ | १८१२७६७ | |
| १४ | यदुकुहा सा.नि.सहकारी संस्था/विनोद महतो | यदुकुहा ०२ | रामविलास महतो | सौखि महतो | २४२४० | सहुलियत कर्जा | २८२२७२७ | १९८९०० | ३०२१६२७ | १९५२६२५ | ९८४४०७२४९९ |
| १५ | सिता देवी किराना पसल /प्रो.सितावर देवी मण्डल | भुतही पटेर्वा ०४ | विल्टू मण्डल | रामभरोस मण्डल | २३९०३ | व्यापार | ४००००० | ३०८२४ | ४३०८२४ | ९८७२३६ | |
| १६ | आईसा खातुन | मिथलेश्वर मौवाही ०९ | सहवुद राईन | गुलाम राईन | २४१२० | सरल कृषि कर्जा | ९००००० | २६५६० | ९२६५६० | १८१२०२३ | ९८१९६९८५७९ |
| १७ | जानकी हाडओयर /प्रो रंजित कुमार यादव | मिथलेश्वर निकास ०३ | राजकुमार यादव | सोनेलाल यादव | २३९०९ | व्यापार | ४९९७५९२।२२ | १६०९८० | ५१५८५७२।२२ | ९८७२४८ | ९८४४०७२४९९ |
| १८ | सत्या देवी | भुतही पटेर्वा ०१ | श्याम सून्दर मण्डल | विहारी मण्डल धानुक | २४४३८ | घरायसी | ७५०००० | २३३९० | ७७३३९० | ५४५८९६३ | ९८२२०१६७४८ |
| १९ | सनेचरी देवी | हठीपुर हरवारा ८ | दिपेन्द्र कुमार महरा | शिवलाल महरा | २४२५८ | सरल कृषि कर्जा | ५००००० | १२०४८ | ५१२०४८ | १९७४३५१ | ९८००८५११३६ |
| २० | मरनी देवी मण्डल धानुक | भुतही पटेर्वा ०७ | जुगल मण्डल धानुक | कुलदिप मण्डल | २३४४९ | सरल कृषि कर्जा | १३०००० | १८३२ | १३१८३२ | ९८७४७७ | ९८४४९०७७९२ |
| २१ | दिलिप कुमार मण्डल | भुतही पटेर्वा ०६ | शिवरतन मण्डल | सुरैत मण्डल | २३५७२ | घरायसी | ५००००० | १६५८२ | ५१६५८२ | १५८९७५१ | ९८४४५४७८६३ |
| २२ | ओपेन्द्र मुखिया | खरिहानी ८ | ठकाई मुखिया | नेवालाल मुखिया | २४२२७ | सरल कृषि कर्जा | ९५०००० | १७६९५ | ९६७६९५ | १९४१६२३ | ९८१७८३८१२१ |
| २३ | अरविन्द्र कुमार यादव मुखिया | बालाबाखर ०३ | व्रहम्देव मुखिया यादव | बृजलाल मुखिया यादव | २४१७९ | सरल कृषि कर्जा | ८५०००० | २८३०२ | ८७८३०२ | १८४९८३५ | ९८१७६६१५५९ |
| २४ | सरमजिवी सेभिग एण्ड क्रेडिट /प्रो रामवावु यादव | सवैला ०९ | महेश यादव | उतिमलाल यादव | २३७२९ | व्यापार | २९५०००० | ६०३९१ | ३०१०३९१ | ९८७३१९ | ९८४४०२५६४९ |
| २५ | रघुनाथपुर च्याउ फार्म /प्रो व्रहम्देव पंडित | सवैला न.पा. १२ | राजदेव पंडित | कारी पंडित | २४४९३ | सरल कृषि कर्जा | १४९५४०५ | १०६६३१ | १६०२०३६ | ५५७१७०६ | ९८२३५३३५८५ |
| २६ | रामाकान्त राउत अमात | मखनाहा ०९ | जयलाल राउत अमात | ज्ञानचन राउत | ३३०६ | घरायसी | ३००००० | ७२७७ | ३०७२७७ | ९८७२६१ | ९८०९६२३२८४ |
| २७ | सुनिता देवी राय अमात | धनुषागोविन्दपुर ०७ | रामवृक्ष राय अमात | जिवक्ष राय | २४४६२ | घरायसी | १५००००० | ३०५५६ | १५३०५५६ | १७६२१८२ | ९८१८७१५०६४ |
| २८ | सुनिता देवी राय अमात | धनुषागोविन्दपुर ०८ | रामवृक्ष राय अमात | जिवक्ष राय | २४४६२ | सरल कृषि कर्जा | ५००००० | ९०६० | ५०९०६० | १७६२१८२ | ९८१८७१५०६४ |
| २९ | प्रेमशिला देवी | धनुषागोविन्दपुर ०४ | रामप्रगाश यादव | जयनारायण यादव | २४२१७ | सरल कृषि कर्जा | ५००००० | ११४४० | ५११४४० | १९५३१०५ | ९८१२१३३४४१ |
| ३० | चन्द्रकला देवी मण्डल | वालावाखर ०१ | रामप्रकाश मण्डल | पलट मण्डल | २४४०९ | घरायसी | ९५०००० | २४०४५ | ९७४०४५ | ५४४१८६९ | ९८१७६४९३८२ |
| ३१ | देवेन्द्र ठाकुर वरही | गणेशामान चारनाथ १० | कारी ठाकुर वरही | नेवैत ठाकुर | २४४५१ | घरायसी | १५००००० | ३५८०५ | १५३५८०५ | ५४९४७९५ | ९८४४४७१४२ |
| ३२ | विजय नारायण यादव | वरमभिया ०७ | सहदेव यादव | रामफल यादव | २४०८६ | सरल कृषि कर्जा | ६२५००० | १३४९७ | ६३८४९७ | १८१४४७३ | ९८०७८४५३०२ |
| ३३ | विनोद कुमार राय | सवैला न.पा. ०८ | रामनारायण राय | लखन राय | २४४६० | घरायसी | १०००००० | २३५०९ | १०२३५०९ | ५५०२३८४ | ९८१९६४२८५९ |
| ३४ | विपतिया यादव | सवैला न.पा. ०४ | रामस्वरुप यादव | नारायण यादव | २४०७९ | सरल कृषि कर्जा | ४००००० | ९१६५ | ४०९१६५ | १८१०३३१ | ९८२३१५७४२४ |
| ३५ | विजय कुमार दास तत्मा | भुतही पटेर्वा ०७ | राजेन्द्र दास तत्मा | मनरुप दास तत्मा | २३९६४ | सरल कृषि कर्जा | २५०००० | ५०८२ | २५५०८२ | १५३३६०६ | ९८१९८४७२९३ |
| ३६ | रामसागर साह तेली | सवैला ०१ | वृजलाल साह तेली | रामकिशुन साह तेली | २४००४ | सरल कृषि कर्जा | ७००००० | १५३४५ | ७१५३४५ | १६०१३४५ | ९८१६८९२७६४ |
| ३७ | रामकिशोर मुखिया विन | धनुषागोविन्दपुर ०७ | दयाराम मुखिया विन | सुवंश मुखिया | २४१०३ | सरल कृषि कर्जा | ५००००० | ११९४३ | ५११९४३ | १७८९६७९ | |
| ३८ | वौएलाल साह सुडी | धनुषागोविन्दपुर ०३ | गंगाराम साहु सुडी | अनुप सुडी | २३९१६ | सरल कृषि कर्जा | ३००००० | ९४७० | ३०९४७० | ९८७२७७ | ९८०७६६५०१९ |
| ३९ | विल्टु राम साह | कजरा रमौल ०७ | रामप्रसाद साह | वादैर साह | २४०३६ | सरल कृषि कर्जा | २०००००० | १०४३५४ | २१०४३५४ | ९८७२८३ | ९८२६८५२६५१ |
| ४० | रिना कुमारी दास ठाकुर | धनुषागोविन्दपुर ०४ | प्रमोद कुमार ठाकुर | हितो वरही | २४२३३ | सरल कृषि कर्जा | ९५०००० | २१८०३ | ९७१८०३ | १९५४३५१ | ९८०७८०६३७६ |
| | | | | | | कुल जम्मा | ४३३१५४८५।२२ | १७०९७९० | ४५०२५२७५।२२ | | |

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय मिर्चैया, सिरहा**

| क्र.सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बूवा/पति | बाजे/ससूरा | उदेश्य | साबा रकम | ब्याज रकम २०८०/०५/३१ सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्य विनायक कम्प्यूटर ईन्सीचयुट (प्रो.स्मृती हमाल) | ६४१९६३ | ७३८४ | मिर्चैया ७ | पति : सिनोद यादब | पिता : तिलक बहादुर हमाल | ब्यापार | ६११०११० | ६६२४०७१ | १२७३४१८१ |
| २ | नन्दनी जेनरल सपलायर्स (प्रो.कृष्ण कुमार यादब) | ६४२१३६ | ५५१६ | नरहा ४ | रामअशिष यादब | दुखरण यादब | ओ.डी. | ४८४०००० | ३४९७५६ | ५१८९७५६ |
| ३ | गुरु शरण यादब | ६४२७८१ | ७८६४ | नरहा ४ | रामअशिष यादब | दुखरण यादब | कृषि ब्याबसाय | १०००००० | ४३६५४ | १०४३६५४ |
| ४ | रामअशिष यादब | ६४२१३८ | ५४५४ | नरहा ४ | दुखरण यादब | फेकु यादब | कृषि ब्याबसाय | ९७३००० | २६५४० | ९९९५४० |
| ५ | रँन्जन ईटा उधोग (प्रो.सन्जय कुमार यादब) | १७७४०११ | ७९४७ | नरहा ५ | पत्नी : जयमन्ती | पिता : राजेन्द्र | उधोग कर्जा | ५५००००० | ९४९७७ | ५५९४९७७ |
| ६ | नुरेजा खातुन | १६४५८१७ | ८१४० | कर्जन्हा १०, सिरहा | पति शेख सैदर | ससुरा गफुर सैख | सरल कृषि कर्जा | ९९५००० | २९४३५ | १०२४४३५ |
| ७ | रौदि कुमार दनुवार | ६४२१९६ | ७४५८ | बडहरामाल १ | बौका कुमार | हचरु कुमार | सरल कृषि कर्जा | १५०००० | ८५७८ | १५८५७८ |
| ८ | कमला देवी साह | ६४२८३४ | ७९०१ | कर्जन्हा ८ | पतिः सिताराम | ससुरा : बिसुन | घरायसी | ६००००० | ३९२०१ | ६३९२०१ |
| ९ | अनिस शाह | १६८२५७६ | ८१४५ | चन्द्र अयोध्यापुर ४ | गफार साह | हमीद साह | कृषि ब्याबसाय | ७००००० | ३७५८४ | ७३७५८४ |
| १० | सरोज कुमार राय | ११५१११९ | ५९४१ | मिर्चैया ६ | राम प्रसाद | बैजनाथ | ओ.डी. | ३०००००० | ४७३४५२ | ३४७३४५२ |
| ११ | धिरज किराना पसल ( प्रो. हरी ठाकुर ) | ११५६ | ८०६० | मिर्चैया ५ | लक्ष्मी ठाकुर | समरीत | ब्यापार | ४०००००० | १२३४८० | ४१२३४८० |
| १२ | राम औतार यादव | ६४२३८० | ४८४८ | नरहा ५ सिरहा | देव नाथ यादव | भगवान यादव | सरल कृषि कर्जा | ९३५००० | ५८७९५ | ९९३७९५ |
| १३ | शिव कृषि तथा पशुपालन फर्म (प्रो.शान्ती देवी साह) | ३०३०३५९ | ८२८२ | परचिलवा १० | पति : राम लखन साह | बासुदेब साह | कृषि ब्याबसाय | १०००००० | ६७४५७ | १०६७४५७ |
| १४ | तारा देबि कामति | ५४३६७१४ | ८४१३ | मिर्चेया १०, पिपरा | बावुः भुटाई कामति | पतिः बिन्देश्वर कामति | सरल कृषि कर्जा | ८००००० | ७६१३७ | ८७६१३७ |
| १५ | रामप्यारी देबि | ११२९९५२ | ८०३४ | कल्याणपुर ४ | बावुः राम जुलुम यादव | पतिः बिष्णु यादव | सरल कृषि कर्जा | २००००० | ६२९८ | २०६२९८ |
| १६ | हरि ओम जनरल स्टोर्स | ६४१९२० | ५९३२ | नरहा ०१, सिरहा | बावु :अनिरुद्र यादव | | ब्यापार कर्जा | ४७००००० | २६३६०८ | ४९६३६०८ |
| १७ | बजरंग ईटा उधोग प्रो. अरुण कुमार यादव | ६४२८३६ | ७९०४ | राघोपुर ९ | भुवनेश्वर यादव | सोनेलाल यादव | ब्यापार कर्जा | ४०००००० | ४४९९४६ | ४४४९९४६ |
| १९ | राम बावु साह | ३०३७९४० | ८३११ | मिर्चैया १ सिरहा | मंगल हलुवाई | बथन हलुवाई | सरल कृषि कर्जा | ९००००० | ४९९०६ | ९४९९०६ |
| २० | रिता देबि यादव | १२१८७०४ | ८४३२ | कल्याणपुर ५ सिरहा | बाबुः केदार प्रसाद यादव | महेश्वर यादव | सरल कृषि कर्जा | ८००००० | २९६५२ | ८२९६५२ |
| २१ | मन्जु पाखिन सुडी | १२०७६४१ | ८०७५ | कर्जन्हा ४, सिरहा | बाबु :गोपाल पाखिन | दिपेन्द्र नायक | सरल कृषि कर्जा | ३५०००० | १९२५४ | ३६९२५४ |
| २२ | चन्द्रकला कुमारी यादव | ३०६२१५७ | ८३८६ | कल्याणपुर १०, सिरहा | पति श्याम कुमार यादव | ससुरा :पलट यादव | सरल कृषि कर्जा | ८००००० | ४६५८३ | ८४६५८३ |
| २३ | राजदेव मण्डल | ५४२५३०६ | ८४०४ | कल्याणपुर ३ , सिरहा | सिता राम मण्डल | जलिम मण्डल | सरल कृषि कर्जा | २०००००० | ४९३६४ | २०४९३६४ |
| २४ | राजु प्रसाद धुरझार यादव | ८४२५१८ | ७६५५ | राघोपुर ६ सिरहा | प्रभु धुरझार | पुलकित धुरझार | सरल कृषि कर्जा | ३७४००० | १०१०३ | ३८४१०३ |
| २५ | दिपेन्द्र कुमार महतो | ३०४१५८० | ८२७० | मिर्चैया २ सिरहा | कुमार साह | देव नारायण साह सुडि | सरल कृषि कर्जा | १०००००० | ३३३१९ | १०३३३१९ |

(बाँकी पृष्ठ ७ मा)

# नेपालमा पहिलो पटकः ग्लोबल म्याथ डिबेट लिग



**टुडे समाचारदाता**

काठमाण्डु । एम्बार्क अनम्याथले पहिलो पटक नेपालमा ग्लोबल म्याथ डिबेट लिग (जीएमडीएल) ल्याउने भएको छ। लिगले गणितीय सोच र बहसलाई एकै ठाउँमा मिसाएर देशमा अहिलेसम्म नभएको एउटा नयाँ अनुभव दिने लक्ष्य राखिएको छ। जनवरी २०२६ मा आयोजना हुने यो कार्यक्रमको नलेज पार्टनरको रूपमा ब्रिटानिका एजुकेशन सहभागी छ।

जीएमडीएलले गणितलाई केवल संख्या र सूत्रको रूपमा नभई सोच र संवादको एक विश्वव्यापी भाषाको रूपमा प्रस्तुत गर्छ। यो कार्यक्रमले विद्यार्थीहरूलाई गणितलाई विचार अभिव्यक्त गर्ने, रचनात्मकता देखाउने, छलफल गर्ने र दैनिक जीवनमा प्रयोग गर्ने माध्यमको रूपमा उपयोग गर्न प्रोत्साहित गर्छ।

ग्लोबल म्याथ डिबेट लिगको बारेमा बोल्दै एम्बार्क अनम्याथका सह-संस्थापक दिवेश बथिजाले भन्नुभयो, "ग्लोबल म्याथ डिबेट लिग गणितलाई केवल गणनाभन्दा बाहिर हेर्ने बारेमा हो। यस लिग मार्फत विद्यार्थीहरूले विचारहरूमा बहस गर्न, आफूलाई चुनौती दिन र गणितलाई पूर्णतया नयाँ तरिकाले जीवन्त हुँदै गरेको अनुभव गर्न पाउँछन्।"

नेपालभरका विद्यालयका ५,००० भन्दा बढी विद्यार्थीहरू यस कार्यक्रममा स्क्रिनिङ राउन्ड, क्षेत्रीय छनोट र राष्ट्रिय फाइनल राउन्ड गरी तीन चरणमा सहभागी हुनेछन्।

ब्रिटानिका एजुकेशनले २५० वर्षको विश्वसनीय ज्ञानलाई आधुनिक, पाठ्यक्रमसँग मिल्ने डिजिटल उपकरणहरूमा एकीकृत गरेर शिक्षण र सिकाइमा परिवर्तन ल्याइरहेको छ। देशभरका विद्यालयहरूसँग काम गर्दै, उनीहरूले शिक्षकहरूलाई समय बचत गर्न र विद्यार्थीहरूलाई रुचि राख्दै आवश्यक सोच विकास गर्न मद्दत गर्ने स्रोतहरू सिर्जना गर्छन्। व्यावहारिक व्यावसायिक विकास र जिल्लाव्यापी निरन्तर सहयोगका साथ, ब्रिटानिका एजुकेशनले विद्यालयहरूलाई यस्तो कक्षाकोठा निर्माण गर्न मद्दत गर्छ जहाँ जिज्ञासा र आलोचनात्मक सोच वास्तवमा देखा पर्छ।

सन् २०१२ मा स्थापना भएको अनम्याथ स्कूल एउटा अग्रणी शैक्षिक संस्था हो जसले विद्यालयहरूमा गणितलाई अनुभव गर्ने तरिकालाई पुनः परिभाषित गर्छ। एम्बार्क अनम्याथले द ग्लोबल म्याथ डिबेट लिग, म्याथ म्याराथन र स्पेस म्याथ जस्ता अनुभवात्मक कार्यक्रमहरू सबै उमेरका विद्यार्थीहरूका लागि ल्याउँदै गणितलाई रोचक, अर्थपूर्ण र परिवर्तनकारी बनाउँछ।

# कृषि बालीले ढाकेको भूमि घट्यो

काठमाण्डु । कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भूक्षेत्र घटेको छ। नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भूक्षेत्र अघिल्लो वर्षको तुलनामा छ दशमलव शून्य आठ प्रतिशतले घटेको हो।

समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान, मकै, गहुँ, कोदो र जौँले ढाकेको क्षेत्रफलमा क्रमशः पाँच दशमलव ११ प्रतिशत, चार दशमलव १६ प्रतिशत, चार दशमलव ८६ प्रतिशत, ११ दशमलव ५२ प्रतिशत र एक दशमलव ३९ प्रतिशतले घटेको छ।

त्यसैगरी, तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा १४ दशमलव ९१ प्रतिशतले ह्रास आएको छभने फलफूल बालीले ढाकेको क्षेत्रफल दुई दशमलव ४० प्रतिशतले वृद्धि भएको छ। समीक्षा वर्षमा कर्णालीमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा पाँच दशमलव शून्य एक प्रतिशतले घटेको छ।

जसअन्तर्गत खाद्य, नगदे तथा अन्य बालीको उत्पादन तीन दशमलव ९५ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान १० दशमलव २५, गहुँ १७ दशमलव ३१, कोदो २२ दशमलव ९२ र जौँको उत्पादन आठ दशमलव ५५ प्रतिशतले घटेको छभने मकैको उत्पादन चार दशमलव २४ प्रतिशतले बढेको छ। आव २०८१/८२ को असार मसान्तसम्ममा तरकारी उत्पादन र फलफूलखेतीको उत्पादन क्रमशः शून्य दशमलव ८८ र ३६ दशमलव ४१ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको आठ दशमलव शून्य दुई प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा सात दशमलव ७० प्रतिशतले कम हो।



समीक्षा वर्षमा प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४६ दशमलव ५२ प्रतिशत रहेको छ।

बिजुलीका तार र केबल उत्पादनसम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९० प्रतिशत रहेको छ। गलैंचा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम २३ दशमलव शून्य आठ प्रतिशत छ। समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा एक दशमलव ९४ प्रतिशतले कमी आएको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको छ दशमलव ५० प्रतिशत हिस्सा औद्योगिक कर्जाले ओगटेको छ।

त्यसैगरी, समीक्षा वर्षमा यस प्रदेशमा भित्रिने पर्यटकको सङ्ख्या एक दशमलव ७२ प्रतिशतले वृद्धि भएको छ। भारत र चीनबाट भित्रिने पर्यटकको सङ्ख्या क्रमशः २३ दशमलव ८५ र २५ दशमलव ७७ प्रतिशतले कमी आएको छभने तेस्रो मुलुकबाट भित्रिने पर्यटकको सङ्ख्या नौ दशमलव १३ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८५ दशमलव ४७ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। समीक्षा वर्षमा प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या चार सय ७५ कायम भएको छ। यस्तै, शाखारहित बैंकिङ सङ्ख्या १८ कायम भएको छ। समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ६६ दशमलव ८५ प्रतिशत रहेको छ।

नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रदेश प्रादेशिक कार्यालयका अनुसार आव २०८१/८२ मा यस प्रदेशमा विद्युत् प्रसारण लाइन तीन हजार ५७५ दशमलव ७४ सर्किट किलोमिटर पुगेको छ। कर्णाली प्रदेशमा निर्माणाधीन पुष्पलाल लोकमार्ग, कर्णाली करिडोर, मदन भण्डारी राजमार्ग र भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माणकार्यले गति लिइरहेको देखिन्छ।

### क्षति पुगेका किसानलाई नगद उपलब्ध गराउने

नुवाकोटको बेलकोटगढी नगरपालिकाले हालैको अविरल वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहतस्वरूप नगद उपलब्ध गराउने भएको छ। त्यसका लागि नगरपालिकाले 'विपद् व्यवस्थापन राहत कोष' स्थापना गरेको छ।

नगर कार्यपालिकाको बैठकले किसानलाई राहत वितरणका लागि करिब रु ८० लाख लाग्ने अनुमानसहित स्रोत सुनिश्चित गर्दै एक साताभित्र वडा कार्यालयमार्फत राहत रकम वितरण गर्ने निर्णय गरेको हो।

धानबाली क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउन जनप्रतिनिधिहरूको एक महिनाको सेवासुविधा, नगरपालिका र वडा कार्यालयका सम्पूर्ण कर्मचारी, स्वास्थ्य संस्था, विद्यालयका शिक्षक-कर्मचारीको एक दिनको तलब उक्त कोषमा जम्मा गर्ने निर्णय भएको नगरप्रमुख जगतबहादुर गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार अपुग हुने रकम नगरपालिकाबाट थप गरिनेछ।

गत कात्तिक ११ गतेदेखि परेको अविरल वर्षाले प्रभावित भएका किसानको कात्तिक १६ गतेदेखि तीन दिन लगाई तथ्याङ्क सङ्कलन गरिएको थियो। जनप्रतिनिधि, प्रहरी र कृषि प्राविधिकको रोहवरमा गरिएको क्षतिको विवरण र किसानले दिएको निवेदनका आधारमा नगरका एक हजार ५५७ किसान प्रभावित भएको नगर उपप्रमुख शिवप्रसाद दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार ती किसानले सात हजार ७४५ रोपनी खेतमा लगाएको धानबालीमा वर्षाले क्षति पुगेको पाइएको छ।

धानबालीमा पुगेको क्षतिको राहत वितरणका लागि कृषि प्राविधिकसँगको रायका आधारमा पारदर्शी र वैज्ञानिक मापदण्ड अपनाउने कार्यपालिका बैठकले निर्णय गरेको छ। त्यसका लागि पीडित किसानलाई जग्गाको भूगोलका आधारमा राहत वितरण मापदण्ड बनाइएको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद घिमिरेले जानकारी दिनुभयो।

उहाँका अनुसार धानबाली क्षति भएको एकदेखि तीन रोपनीसम्मलाई प्रतिरोपनी रु एक हजार ३००, चारदेखि पाँच रोपनीसम्म प्रतिरोपनी रु एक हजार, छदेखि सात रोपनीसम्मलाई प्रतिरोपनी रु आठ सय ५०, आठदेखि नौ रोपनीसम्मलाई रु सात सय ५० र १० रोपनीभन्दा धेरै खेतमा क्षति पुगेका किसानलाई प्रतिरोपनी रु छ सय ७५ का दरले नगद उपलब्ध गराउने निर्णय भएको छ।

नगरपालिकाले पीडित किसानलाई समयमै राहत पुर्याउने प्रतिबद्धतासहित कोषमा रकमको व्यवस्थापन गर्दै वडा कार्यालयमार्फत नगद वितरण गरेर किसानलाई सहज रूपमा सेवा दिने जनाएको छ। राहत रकम लिन पीडित किसानलाई एक साताभित्र वडा कार्यालयमा सम्पर्कमा आउन भनिएको छ।रासस

# लोप भए पानीघट्ट

ढोरपाटन । एक दशक अगाडिसम्म निसीखोलाका दर्जनौँ स्थानमा पानीघट्ट थिए। त्यही घट्टमा यहाँका हजारौँ नागरिकले गहुँ, मकै, फाफर, कोदोलगायत पिसानी गरेर उपभोग गर्थे। तर अहिले कुनै पनि स्थानमा पानीघट्ट भेटिँदैनन्।

गाउँगाउँमा विद्युतीकरण भएपछि पछिल्लो समय टोलै पच्छिे विद्युतीय मिल बनेका छन्। ग्रामीण जनजीवनसँग जोडिएको पानीघट्ट मिलले विस्थापित बनेका छन्।

कतिपयले पानीघट्ट चलाएरै जीविकोपार्जनसमेत गर्दै आएका थिए। पानीघट्ट सङ्कटमा परेपछि उनीहरुले पेसा नै बदल्नु परेको छ। निसीखोला गाउँपालिका-३ का नबहादुर मगरले करिब १२ वर्ष दुई पानीघट्ट सञ्चालन गरेर परिवार पालेको सुनाउँदै चार वर्षदेखि अरू पेसा गर्न थालेको बताउनुभयो। गाउँमा विद्युतीय मिल नहुँदा दिनमै एक मुरीसम्म मकै, गहुँ र कोदो आम्दानी गरेको भन्दै अहिले आफ्नो गाउँमा मात्रै तीनवटा बिजुलीबाट चल्ने मिल रहेको मगरले बताउनुभयो।



विद्युतीय मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने गरेको मगरले बताउनुभयो। पानीघट्ट चल्दा खोलको पानी सदुपयोग भए पनि अहिले यतिकै खेर गइरहेको उहाँको भनाइ छ। एक दशक अगाडिसम्म निसीखोलामा मात्रै झन्डै ५० वटा बढी पानीघट्ट चल्ने गरेको भन्दै अहिले दुई/चार ठाउँमा मात्रै रहेको मगरले बताउनुभयो। ती पनि सञ्चालन नहुँदा जीर्ण बनेको उहाँ बताउनुहुन्छ।

मगरले भन्नुभयो, "गाउँमा बिजुली आएको धेरै वर्ष भएको छैन, बिजुली नहुँद पानीघट्ट र पानीमिल मात्रै चल्थे, पानी मिल बनाउन धेरै खर्च लाग्ने हुँदा एक/दुई ठाउँमा मात्रै हुन्थे, तर पानीघट्ट ठाउँ-ठाउँमा हुन्थे, मानिसले केही पिस्न परे घट्टमै जाने गर्थे, तर अहिले त टोलटोलमा नै मिल चल्ने भएपछि पानी घट्टको महत्व हरायो, घट्ट चल्ने बेला मैले महिनामै बीसौँ हजारको आम्दानी गर्थे।"

बागलुङका अधिकांश स-साना खोला किनारमा सानो टहरोमा पानीघट्ट बनाइन्यो। तर अहिले त्यो अवस्था छैन। बजारी क्षेत्रभन्दा ग्रामीण भेगमा बढी प्रचलित पानीघट्ट आधुनिक प्रविधिको विकासले लोप भएको गलकोट नगरपालिका-८ थमबहादुर खत्री बताउनुभयो। पहिले गलकोट क्षेत्रमा दर्जनौँ पानीघट्ट सञ्चालन हुने गरेको भन्दै अहिले कहीँकतै देख्न नपाइने बताउनुभयो। मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने र महिनौँसम्म पनि ढुसी नलाग्ने उहाँको भनाइ छ। उहाँले मिलमा पिसेको पीठो एक महिनामै बिग्रिने गरेको बताउनुभयो।

"गाउँघरमा पीठो बिस्ने कि जाँतोमै हो कि त पानीघट्टमै हो, हामी सानो हुँदा एक डेढ घण्टा लगाएर घट्टमा सातु र पीठो पिस्न जाने गर्थ्यौँ, घट्टमा पालो कुरेर बस्नेको लाइन हुन्थ्यो, अहिले त एउटा गाउँमा धेरै बिजुलीबाट चल्ने मिल बनाएका छन्," खत्रीले भन्नुभयो, "छिटो पनि हुँदोरैछ, कुटानी-पिसानी दुवै काम हुनेहुँदा पानीघट्टको प्रयोग गर्न छाडिएको छ, अब त त्यो जमाना फेरि आउँदैन होला, मिलहरु पनि आधुनिक किसिमका आउन थाले।"

हरेक गाउँमा मिल सञ्चालनमा आएपछि घट्ट प्रयोगविहीन बनेका छन्। प्रयोगविहीन बनेको घट्ट जीर्ण बनेका छन् भने त्यसका पार्टपुर्जा पनि कामै नलाग्ने गरी बिग्रिएको अवस्थामा छन्। गाउँमा मिलको चलन आउनुभन्दा पहिले खोला किनारमा पानीघट्ट सञ्चालन गरी केही स्थानीयले आफ्नो जीविकोपार्जन समेत त्यहीबाट गर्दै आएका थिए। तर मिलले घट्ट विस्थापित गरी दिएपछि पानीघट्ट सञ्चालकले पेसा परिवर्तन गर्नु परेको छ।रासस

# कोशी प्रदेशमा ४२ हिमताल उच्च जोखिममा

विराटनगर । कोशी प्रदेशमा रहेका ४२ वटा हिमताल उच्च जोखिमयुक्त अवस्थामा रहेको अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले तथ्याङ्क सार्वजनिक गरेको छ।

सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा शुक्रबार आयोजित 'नेपालका हिमनदी तथा हिमतालमा भइरहेको तीव्र परिवर्तनले उत्पन्न जोखिम'सम्बन्धी अन्तरक्रियामा इसिमोडका विज्ञ शरदप्रसाद जोशीले सन् २०२० को प्रतिवेदनमार्फत उक्त तथ्याङ्कबारे जानकारी गराउनुभयो।

जोशीका अनुसार नेपालमा रहेका दुई हजार ६९ हिमतालमध्ये कोशी क्षेत्रमा मात्र ४२ वटा अत्यन्तै जोखिमयुक्त अवस्थामा छन्। हिमताल फुटे ठूलो जनधन तथा भौतिक संरचनामा विनाश हुनसक्ने उल्लेख गर्दै जोशीले उच्च सतर्कता तथा पूर्वतयारी आवश्यक रहेकामा जोड दिनुभयो।

सङ्खुवासभामा मात्र भोटखोला र मकालु क्षेत्र गरी चार वटा हिमताल उच्च जोखिम समूहमा परेको उहाँको भनाइ थियो। तीमध्ये तल्लो वरूण क्षेत्रस्थित ठूलोपोखरी हिमताल सबैभन्दा जोखिमयुक्त मानिएको छ। करिब ती किलोमिटर लम्बाइ र करिब २०६ मिटर गहिराइ भएको अनुमान गरिएइको उक्त हिमतालका वरिपरि पनि १५ देखि २५ मिटर गहिराइ पनि रहेको उहाँले बताउनुभयो।



जल तथा मौसम विज्ञान विभाग र युएनडिपी नेपालको सहकार्यमा चार वटा हिमतालका लागि जोखिम न्यूनीकरण योजना कार्यान्वयन भइरहेको उहाँको भनाइ छ। तल्लो वरूणमा रहेको ठूलोपोखरी पनि सो योजनामा समावेश छ।हिमताल फुट्ने अवस्था उत्पन्न भए अरुण उपत्यकाका धेरै बस्ती तथा भौतिक संरचना प्रत्यक्ष जोखिममा पर्ने उहाँको भनाइ छ। तिब्बत क्षेत्रबाट बगेर आउने १३ वटा हिमताल पनि उत्तरी भेगका लागि सम्भावित खतरा रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा इसिमोडकी नीरा श्रेष्ठ प्रधानले विपद्मा असक्त, महिला तथा बालबालिका सबैभन्दा बढी प्रभावित हुने हुँदा तिनलाई लक्षित चेतना अभिवृद्धि र क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो। रासस

# चार महिनामा ४० करोडको फलफूल आयात

झापा । पूर्वीनाका काँकरभिट्टाबाट चार महिनाको अवधिमा रु ४० करोड ४४ लाख ४५ हजार बराबरको फलफूल आयात भएको छ चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा सो मूल्य बराबरको स्याउ, केरा, सुन्तला, आँपलगायतका फलफूल आयात भएको हो।

अघिल्लो आर्थिक २०८१/८२ को सोही अवधिमा उक्त नाका भएर रु २१ करोड ३५ लाख ५० हजारको फलफूल आयात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वर कुमार हुमागाईंले जानकारी दिनुभयो। गत आवको तुलनामा चालु आवमा रु १९ करोड ८९ लाख पाँच हजार बढीको फलफूल आयात भएको छ। नेपालले भारत, बङ्लादेश, थाइल्यान्ड, अष्ट्रेलिया, मलेसिया, दक्षिण अफ्रिका, चीन, फिलिपिन्स, अमेरिका, कोरियालगायतका मुलुकबाट फलफूल आयात गर्ने गरेको छ।

काँकरभिट्टा भएर नेपाल आयात हुने मुख्य १० वस्तुको तुलनात्मक विवरणअनुसार फलफूल पाँचौँ स्थानमा छ।

चालु आव २०८२/८३ को कात्तिकमा लक्ष्यको तुलनामा राजस्व सङ्कलन हुन नसकेको सूचना अधिकारी हुमागाईंले बताउनुभयो। उहाँका अनुसार कात्तिकमा भन्सारले राजस्व सङ्कलनको लक्ष्य रु एक अर्ब ६३ करोड, ९४ लाख ६१ हजार राखेको थियो। तर सो अवधिमा रु एक अर्ब ३० करोड ८१ लाख ८९ हजार सङ्कलन भएको उहाँले जानकारी दिनुभयो।रासस


| क्र.सं | नाम | ग्राहक नम्बर | मिसिल नं. | ठेगाना | बूवा/पति | बाजे/ससूरा | उदेश्य | साबा रकम | ब्याज रकम २०८०/०५/३१ सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | बिष्णु पशु माछा तथा कृषि फर्म(प्रो. शत्रुधन कुमार यादव) | १७८००२६ | ८१८५ | नरहा-५ सिरहा | बिष्णु यादव | ईन्द्र नाराण यादव | ब्यबसायिक कृषि कर्जा | २५००००० | १०६२०६ | २६०६२०६ |
| २७ | निलम कुमारी देबि ठाकुर | ३०६२९४१ | ८३५७ | कल्याणपुर - ८ सिरहा | पति बिन्देश्वर ठाकुर | सरुप ठाकुर | सरल कृषि कर्जा | ९००००० | १८१५० | ९१८१५० |
| २८ | प्रमोद कुमार बम्जन | ५४१७१८७ | ८४०६ | कर्जन्हा -५, सिरहा | पदम बहादुर | बल बहादुर | सरल कृषि कर्जा | ४४०००० | २३२४० | ४६३२४० |
| २९ | अबिष्कार ट्रेड सेन्टर(प्रो.उदय नारायण यादव) | ६४२६६३ | ७७६६ | नरहा-९ सिरहा | | | ब्यापार कजा | २४००००० | १०६०६६ | २५०६०६६ |
| ३० | राम उदगार यादव | ३०५९५७८ | ८४६३ | नरहा-५ सिरहा | अबधि यादव | गोपि यादव | सरल कृषि कर्जा | १००००० | १९९१२ | ११९९१२ |
| ३१ | राम दयाल यादव | ३०५७८८९ | ८३२६ | नरहा-५ सिरहा | महादेव प्रसाद यादव | भरथि यादव | सरल कृषि कर्जा | १००००० | २१२०० | १२१२०० |
| ३२ | कृष्ण देव मण्डल | १०९१६५७ | ७९५५ | कल्याणपुर ३ , सिरहा | सिता राम म०८ल | जलिम म०८ल | ३रायसी कर्जा | ९५०००० | १८८६३ | ९६८८६३ |
| ३३ | जगदिश महतो | ३०६२६३७ | ८३८४ | कर्जन्हा -४, सिरहा | उतिम लाल महतो | जगाई महतो | सरल कृषि कर्जा | ७५०००० | १६९०९ | ७६६९०९ |
| | | | | | | | जम्मा | ५३८६७११० | ९३४१६९६ | ६३२०८८०६ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय, जनकपुर
कर्जा विभाग

# फूलबारी लीला सम्पन्न, आज धनुष यज्ञ

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा जारी सीताराम विवाह पञ्चमी महोत्सवको दोश्रो दिन फूलवारी लीला सम्पन्न भएको छ।

प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सवको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत शुक्रवार दोश्रो दिन फूलवारी लीला मनाइएको हो । शुक्रवार साँझ सीतारामको प्रतीकात्मक स्वरुप बनाएर मैथिल वैवाहिक संस्कारको गीत गाउँदै सो फुलवारी लीलाल जानकी मन्दिरस्थित विवाह मण्डपमा मनाइएको छ।



तुलसीकृत रामायण अनुसार तत्कालीन मिथिला नरेशले जनकपुरधाममा आयोजना गरेको धनुष यज्ञमा सहभागी हुन अयोध्याका राजा दशरथका ज्येष्ठ सुपुत्र राम, लक्ष्मण सहित गुरु विश्वामित्र जनकपुरधाम आउने क्रममा फुलहरमा सीता र रामबीच भएको पहिलो भेटको स्मरणमा विवाह पञ्चमी महोत्सवको अवसरमा फूलबारी लीला मनाइदै आएको छ।

जानकी मन्दिरद्वारा जनकपुरधामको विवाह मण्डपमा आयोजना गरिएको फूलबारी लीला हेर्नका लागि श्रद्धालुहरुको भीड लागेको थियो । सो अवसरमा विभिन्न प्रकारको मैथिली वैवाहिक गीत सङ्गीत तथा नृत्यहरू प्रदर्शन गरिएको थियो। जनकपुरधाममा आयोजना हुने महोत्सव मध्ये सबै भन्दा ठूलो धार्मिक महोत्सवको रुपमा सीताराम विवाह पञ्चमी महोत्सव रहेकाले जानकी मन्दिरलाई बेहुलीझैँ सिँगारिएको छ। विवाह पञ्चमी महोत्सव हेर्न नेपाल तथा भारतका साधु सन्तसहित लाखौ श्रद्धालु जनकपुरधाम आउने गरेको छ।

सप्ताहव्यापी श्रीसीताराम विवाह पञ्चमी महामहोत्सव अन्तर्गत शनिवार मङ्सिर ६ गते धनुष यज्ञ, मङ्सिर ७ गते आइतबार तिलकोत्सव, मङ्सिर ८ गते सोमवार मटकोर, मङ्सिर ९ गते मङ्गलवार स्वयंम्बर तथा शुभ विवाहोत्सव र मङ्सिर १० गते अन्तिम दिन बुधवार रामकलेवा गर्दै महोत्सव समापन गरिनेछ।

# जेन- जी आन्दोलनबाट सिक्न नसकिएको पाठ

ब्लग :



श्यामसुन्दर शशि

देश-दुनियालाई नै तरंगित पार्नेगरि भदौं २३ र २४ गते नेपालमा भएको जेन- जी आन्दोलनले झण्डै दुई तिहाइ बहुमतको एमाले-कांग्रेस गठबन्धनको सरकार ढल्यो । कांग्रेस सभापति शेरबहादुर देउवाले बुढेसकालमा भौतिक आक्रमण बेहोर्नु पर्‍यो। एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई झण्डै दुई साता सेनाको सुरक्षा घेराभित्र बस्नु पर्‍यो । अर्बौको सरकारी तथा निजी सम्पति स्वाहा भयो, तर यो आन्दोलन किन भयो ? कसले गर्‍यो ? कसको विरोधमा थियो ? अध्ययन र रोजगारीमा लाग्नु पर्ने किशोर र युवा पुस्ताको आन्दोलन आफैं सरकार बनाउन थियो कि वर्षौदेखि सत्तामाथि कुण्डली जमाएर बसेका राजनीतिक दल र यिनका नेताहरुलाई सचेत गर्न ?

२४ घन्टाभित्र झण्डै दुई तिहाइ बहुमतको सत्ता परिवर्तन गरेको यस आन्दोलनबाट राजनीतिक दलहरुले पाठ सिके कि सिकेनन ? आन्दोलनको कारणबारे समीक्षा गरे कि गरेनन ? दलहरुमा यस विषयमा मन्थन भए कि भएनन् ? खासमा संविधान जारी भएको १० वर्षभित्र चार चार पटक र दुई दुई पटक प्रधानमन्त्री बनेका नेताहरुले आत्ममन्थन गर्नु जरुरी थियो जो भएन । उल्टै आन्दोलनकारी शक्तिलाई उत्तेजित पार्ने प्रयास हुदैछ। बाराको घटना यसको उदाहरण हो । मुलुकमा निर्वाचनको वातावरण बन्दै गरेको बेला बाराको घटनाले सरोकारबालाहरुलाई झस्काएको छ।

आन्दोलनको वलमा सुशीला कार्की नेतृत्वमा एक थान सरकार त बन्यो तर सत्ता भताभुंग पार्ने गरी भएको आन्दोलनको माग र आशयबारे नेपाली कांग्रेस र एमाले लगायतका राजनीतिक दल औपचारिकरुपमा नोटिस समेत गरेका छैनन्। उल्टै युवा पुस्ताको मागबारे पार्टीभित्र बहस छलफल चलाउन खोजेका कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र गगन थापा तथा एमालेका योगेश भट्टराई र सुरेन्द्र पाण्डेहरु पार्टीकै यथास्थितिवादी केन्द्रीय नेतृत्वको निसानामा परेका छन्।

नेपाली कांग्रेस, एमाले, माओवादी मुलुकका मूलधारका दलहरु हुन् । मधेश केन्द्रित दलहरु भने तराजुका 'पसना' हुन् । यी दलहरु व्यक्तिगत लाभ हानीको आधारमा फुट्ने, जुट्ने र सरकारमा आउने-जाने गरिरहेका हुन्छन्। गत निर्वाचनमा चौथो शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी संघीयता विरोधी भए पनि जेन- जी पुस्ताले आन्दोलनमार्फत जाहेर गरेको सरोकारहरुको नजिक छ।

समय तालिका अनुसार नेपाली कांग्रेसको १५औं तथा नेकपा एमालेको एघारौं महाधिवेशन मंसिर वा पुसमै हुनु पर्ने हो। नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा नेपाली कांग्रेसको विधान अनुसार ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुको हस्ताक्षरसहित विशेष महाधिवेशन आयोजन गर्न जोडवल गर्दै छन्, तर सभापति शेरबहादुर देउवा निकट पुराना र नयाँ केन्द्रीय नेताहरु निर्वाचनपछि मात्र महाधिवेशन गर्नु पर्ने तर्क गर्दै छन्।

उता एमाले अध्यक्ष केपी शर्मा ओली तेश्रो पटक पार्टी अध्यक्ष बन्ने ताना बाना बुन्दै छन्। तर ११ औं महाधिवेशन ओलीको लागि सजिलो नहुने देखिएको छ । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल प्यानल बनाएरै प्रतिस्पर्धा गर्ने तयारीमा छन्।

केपी शर्मा ओलीको प्रतिस्पर्धा दुई कार्यकाल महासचिव, एक कार्यकाल वरिष्ठ उपाध्यक्ष रहिसकेका ईश्वर पोखरेलसंग हुने छ । पोखरेल २०३२ सालमा स्थापित को-ओर्डिनेशन केन्द्रका संस्थापक सदस्य हुँदै करिब ५० वर्षदेखि लगातार पार्टीको केन्द्रीय कमिटिमा रहदै आएका छन्। नेपाली कांग्रेसमा पनि पुरानै उमेरका डा. शेखर कोइराला र पूर्णबहादुर खडकाहरु सभापतिका मूल प्रतिस्पर्धी देखिएका छन् । आठ पार्टी




ठूला दलहरुले जेन- जी आन्दोलनलाई नोटिस नगर्नुको कारणहरु हुन्- जेन- जी समूह विभाजित हुनु । संगठित न हुनु तथा वैचारिक रुपमा पनि मतभिन्नता आउनु । तर यसै साता बारामा घटेको घटनाले जेन- जी असंगठित भए पनि ठूलो शक्ति भएको छनक दिएको छ ।

र समूहको गठबन्धनबाट बनेको नेपाली कम्युनिष्ट पार्टीको संयोजक पुष्पकमल दाहाल बनेका छन् भने सहसंयोजक माधव कुमार नेपाल । तात्पर्य जेन- जी पुस्ताको आन्दोलनले खोजेको नयाँ अनुहार दलहरुको मुखियाको रुपमा स्थापित हुने सम्भावना अति न्यून छ। अर्को शब्दमा भनौँ भने जेन- जी पुस्ताको मांगहरुलाई ठूला दलहरुले नोटिस नै गरेका छैनन्।

ठूला दलहरुले जेन- जी आन्दोलनलाई नोटिस नगर्नुको कारणहरु हुन्- जेन- जी समूह विभाजित हुनु। संगठित न हुनु तथा वैचारिक रुपमा पनि मतभिन्नता आउनु। तर यसै साता बारामा घटेको घटनाले जेन- जी असंगठित भए पनि ठूलो शक्ति भएको छनक दिएको छ। यद्यपि सरकारले फागुन २१ गते निर्वाचन घोषणा गरिसकेको अवस्थामा राजनीतिक दलहरुको कार्यक्रम तथा नेताहरुको आवागमनमाथि रोक लगाउनु लोकतान्त्रिक प्रक्रिया मान्न सकिन्न। तर पाका नेताहरु जेन- जी आन्दोलन तथा अगुवाहरुमाथि गर्ने टिकाटिप्पणी पनि उचित होइन। यसबाट मुलुक मुठभेडमा जान सक्छ। बन्दै गएको निर्वाचनको वातावरण बिथोलिन सक्छ।

# मन्त्रीद्वय घिसिङ्ग र गुप्ताद्वारा रामजानकी रंगशालाको अनुगमन

टुडे समाचारदाता

जनकपुरधाम । निर्माणाधीन बहुउद्देश्यीय रामजानकी रंगशालाको वस्तुगत अवस्थाबारे संघीय सरकारका मन्त्रीहरु सम्मिलित एक टोलीले अनुगमन गरेका छन् । जेनजीको प्रतिनिधिसँगै जनकपुरधाम आएका संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तासहितको टोलीले संयुक्त रुपमा अनुगमन गरेका छन् । मन्त्रीद्वयले रोकिएको निर्माण कार्यको कारण, खेलमैदानको वर्तमान स्थिति तथा प्राविधिक पक्षहरूबारे विस्तृत जानकारी लिएका थिए।



सो अवसरमा मधेश प्रदेश खेलकुद मन्त्रालयका सचिव रञ्जित यादव, जिल्ला क्रिकेट संघका पदाधिकारी तथा स्थानीय खेलाडीहरूले रंगशालाको वर्तमान अवस्थाबारे जानकारी गराएका थिए।

अनुगमनको क्रममा मन्त्री बब्लु गुप्ताले मधेशको खेल विकासमा यो रंगशालाको अहम भूमिका हुने चर्चा गर्दै सक्दो चाँडोभन्दा चाँडो रंगशाला मैदान निर्माण कार्य सम्पन्न गराउने प्रतिबद्धता जनाए।

उनले धार्मिक नगर जनकपुरधामको विकास र समृद्धि समेत यो रंगशालासँग जोडिएकाले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय रुपमा चिनाउने गरी निर्माण कार्यलाई गतिशील बनाउने बताए।

# निवर्तमान मुख्यमन्त्री सोनलले गरे आवास खाली

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री जीतेन्द्र सोनलले सरकारी आवास खाली गरेका छन् । शुक्रवार बिहान उनले फुलको गमलामा पानी हालेर प्रदेशको संरक्षण र समृद्धिको सन्देश दिदैं आवास खाली गरेका हुन्।

सर्वोच्च अदालतले सरोजकुमार यादवलाई मुख्यमन्त्रीको रूपमा अन्तरिम आदेश जारी गरेपछि उनले सोनललाई तत्काल आवास र सवारी साधन हस्तान्तरण गर्न दवाब दिइरहेका थिए। सर्वोच्चले आफूलाई मुख्यमन्त्रीमा कायम गरेपनि भाडाको घरमा बस्नुपरेको गुनासो गर्दै आएका थिए।

सार्वजनिक गुनासो गरेपछि पनि सोनलले आवास छाड्न तयार नभएपछि यादवले प्रतिपक्षी सात दलीय गठबन्धनका नेता समेतलाई सहयोगका लागि आग्रह गरेका थिए।

बिहीबार प्रशासनमार्फत 'निवास खाली गराउने' उनले चेतावनी दिएपछि सोनलले आवास छाडेको बुझिएको छ । प्रतिपक्षी सातदलीय गठबन्धनले एमाले नेता यादवको नियुक्ति असंवैधानिक र शपथग्रहण प्रक्रिया गैरलोकतान्त्रिक भएको आरोप लगाउँदै सर्वोच्चको पूर्ण फैसलासम्म सोनललाई नै कार्यवाहक मुख्यमन्त्री मानिने दाबी गर्दै आएका थिए। सोही आधारमा उनीहरूले सरकारी आवास र गाडी नछाड्ने अडान लिएका थिए।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा सोनलले स्पष्ट बोल्न चाहेनन् । उनले चाँडै काठमाडौं जानुपर्ने भएकाले केही दिन असहज परिस्थिति सिर्जना नहोस् भन्ने सोचका साथ आवास खाली गरेको बताए। सर्वोच्चको अन्तिम फैसला आउन पाँच-छ दिन बाँकी रहेको उल्लेख गर्दै उनले "यसबीच के-कस्तो परिस्थिति बन्छ भनेर" आवास छाडिएको बताएका छन्।

यसैबीच, सोनल आबद्ध लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका मधेश संसदीय दलका नेता जयनुल राईनले विवादित रूपमा नियुक्त भएका मुख्यमन्त्री यादवतर्फबाट लगातार



धम्की आउने क्रम बढेपछि स्थिति नबिग्रोस् भन्ने सोचले निवास खाली गरिएको बताएका छन्।

नेता राईनले भने, "मुख्यमन्त्री यादवले निवास खाली गरेन भने कार्यकर्ता र प्रशासन लगाएर बलपूर्वक हटाइने चेतावनी दिइरहेका थिए। अहिले एमालेको गतिविधिबाट बारा र पर्साका स्थानीयहरू आतंकित छन् । जनकपुर हाल विवाह-पञ्चमी महोत्सवको माहोलमा भएकाले अप्रिय घटना भयो भने नकारात्मक सन्देश जाने जोखिम रहेकाले आवास छाडेका हौं।"

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा
सूचना ! सूचना !! सूचना !!!
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १८ औं वार्षिक साधारण सभा यही मिति २०८२/०८/०६ गते शनिबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु।
अध्यक्ष
राजलाल महतो
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी
कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना



शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ।

रक्तदान जीवनदान
- रगतको अभावले वर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:
- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुँदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ।
- रक्तदानपश्चात केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थयकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।

रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८